# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष ११ | अंक ०२ | काठमाडौं | बुधबार, १२ वैशाख २०८१ | Prabhab National Daily | Wednesday, April 24, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।–




**धोविखोलामा रंगीचंगी फूल** | काठमाडौंको रातोपुल आसपास धोविखोला करिडोरमा वसन्त ऋतुमा फुलेका रंगीचंगी फूल । *तस्बिरः हरिराम भेटुवाल/रासस*

कतारका राजा नेपालमा

# नेपाली श्रमिकलाई आकर्षक क्षेत्रको 'अफर'

- राष्ट्रपति पौडेल र कतारका अमिरबीच भेटवार्ता
- नेपाली श्रमिकका हक अधिकारको रक्षा, सेवासुविधाबारे राष्ट्रपतिको चासो
- नेपालीलाई अझ राम्रो क्षेत्रमा रोजगारीको अवसर दिलाउने कतारी अमिरको भनाइ
- आज द्विपक्षीय समझदारी तथा सम्झौतामा हस्ताक्षर हुने



**राष्ट्रपति रामचन्द्र पौडेल र नेपालको राजकीय भ्रमणमा रहेका कतारका अमिर शेख तमिम विन हमाद अल थानीबीच मंगलबार शीतलनिवासस्थित राष्ट्रपति कार्यालयमा भएको भेटवार्ता ।** *तस्बिरः रासस*

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** राष्ट्रपति रामचन्द्र पौडेलले जलवायु परिवर्तनबाट पृथ्वीलाई सुरक्षित राख्ने विषयमा पहल गर्न कतारलाई आग्रह गरेका छन् । राष्ट्रपति पौडेलको मैत्रीपूर्ण निमन्त्रणामा नेपालको दुईदिने राजकीय भ्रमणमा मंगलबार काठमाडौं आइपुगेका कतारका अमिर (राजा) शेख तमिम विन हमाद अल थानीसँग राष्ट्रपति भवन शीतलनिवासमा भएको द्विपक्षीय भेटवार्ताका अवसरमा पौडेलले यस्तो आग्रह गरेका हुन् ।

'आजको विश्वको साझा समस्या भनेकै जलवायु परिवर्तनबाट हाम्रो पृथ्वीलाई कसरी सुरक्षित राख्ने, हाम्रो हिमाललाई कसरी जोगाउने, पानीको स्रोत कसरी बचाउने र वातावरण सन्तुलन कसरी राख्ने भन्ने नै हो,' राष्ट्रपतिले भेटमा भने, 'यसमा सबैको सहकार्य हुन जरुरी छ, यो मानव अस्तित्वको विषय छ, विशेषगरी विकसित मुलुकहरू यस विषयमा बढी गम्भीर हुनुपर्छ भन्ने म ठान्दछु ।

भेटमा राष्ट्रपति पौडेलले कतारमा रहेका नेपाली श्रमिकहरूका हक अधिकारको रक्षा, सेवासुविधाबारे कुराकानी गरेका थिए । कतारका अमिरले नेपाली श्रमिकहरूलाई अझ राम्रो क्षेत्रमा लैजाने योजना सुनाएका थिए ।

राष्ट्रपति पौडेलले मध्यपूर्वी क्षेत्रमा देखिएको द्वन्द्वको वातावरणले नेपाललाई चिन्तित तुल्याएको बताए । राष्ट्रपति पौडेलले यस क्षेत्रमा युद्धको अन्त्य र शान्तिको पुनःस्थापनाको कामना गर्दै कतारले शान्ति स्थापनाका लागि खेल्दै आएको भूमिकाको प्रशंसासमेत गरे ।

त्यस्तै कतारका अमिरले जलवायु परिवर्तनको असरले विश्व नै समस्यामा परेको र यसको न्यूनीकरणसम्बन्धी सम्झौताहरूको सबै मिलेर पालना गरे राम्रो परिणाम आउने र सबैका लागि सुखद वातावरण तयार हुने बताएको राष्ट्रपतिका प्रेस सल्लाहकार किरण पोखरेलले बताए । कतारका अमिरले नेपालसँग अझ राम्रो सम्बन्ध स्थापित गरेर सहयोगका थप क्षेत्रहरू पहिचानका लागि यो भ्रमण उपलब्धिमूलक हुने विश्वास व्यक्त गरे ।

(क्रमशः पृष्ठ २ मा)

### आज द्विपक्षीय समझदारी हुने

नेपालको राजकीय भ्रमणमा रहेका कतारका अमिर शेख तमिम विन हमाद अल थानीसँग आज प्रधानमन्त्री पुष्पकमल दाहालले भेट्ने कार्यक्रम छ । बिहान १०ः३५ मा होटेल सोल्टीमा औपचारिक वार्ता हुने छ । उक्त भेटवार्तामा विभिन्न समझदारी तथा सम्झौतामा हस्ताक्षर हुने कार्यक्रम रहेको परराष्ट्र मन्त्रालयले जनाएको छ ।

लगत्तै प्रधानमन्त्री दाहालले कतारी राजाको सम्मानमा होटेल द्वारिकाजमा दिवाभोज आयोजना गरेका छन् । दिवाभोजमा सहभागी भएर कतारी राजा बत्तीसपुतलीबाट त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल जाने कार्यक्रम छ । कतारका राजा दिउँसो २ बजे कतारको राजधानी दोहा प्रस्थान गर्ने कार्यतालिका रहेको परराष्ट्र मन्त्रालयले जानकारी दिएको छ ।

# सुदूरपश्चिममा मन्त्रिपरिषद् विस्तार अन्योलमा

**सुदूरपश्चिम (प्रस)–** सुदूरपश्चिम प्रदेश मन्त्रिपरिषद् विस्तारमा अन्योल देखिएको छ । नेकपा एकीकृत समाजवादी पार्टी संसदीय दलका नेता दीर्घबहादुर सोडारी मुख्यमन्त्रीमा नियुक्त भएको चार दिन बितिसक्दासम्म पनि मन्त्रिपरिषद् विस्तार हुन सकेको छैन । मुख्यमन्त्री नियुक्ति भएकै दिन नागरिक उन्मुक्ति पार्टी (नाउपा)का प्रदेशसभा सदस्य कैलाश चौधरीलाई भौतिक पूर्वाधार विकासमन्त्रीको शपथ गराइएको थियो ।

सोही दिन मन्त्रीमा शपथ लिन प्रदेश प्रमुखको कार्यालयमा पुगेकी नाउपाकै अर्का सदस्य टीका थापाले आफूले चाहेको मन्त्रालय नदिएको जनाउँदै शपथ नै बहिष्कार गरेका थिए । त्यसलगत्तै आफूले मुख्यमन्त्रीलाई दिएको समर्थन फिर्ता लिएको उनले सामाजिक सञ्जालमार्फत गराएका थिए ।

मुख्यमन्त्रीले विनाविभागीय मन्त्रीको रूप्मा शपथ खुवाउने तयारी गरेपछि आफूले चाहेको मन्त्रालयमा नियुक्ति हुनुपर्ने अडानसहित थापा विनाविभागीय मन्त्रीको शपथ नलिई हिँडेका थिए । सत्ता साझेदार ठूलो दल नेकपा माओवादी केन्द्रको संसदीय दलका नेता मानबहादुर धामीले अर्को साझेदार दल नेकपा एमालेको रबैयाले मन्त्रिपरिषद् विस्तार र सरकारको स्थायित्वका बारेमा आशंका जन्माएको बताए ।

उनले भने, 'सत्ता साझेदार दलबीच वैशाख ७ गते बिहान एकपटक छलफल भएको थियो, त्यसयता मन्त्रिपरिषद् विस्तारका विषयमा कुनै छलफल हुनसकेको छैन ।' उनले बझाङको प्रदेशसभा सदस्यका लागि हुन लागेको चुनावी प्रक्रियालाई लिएर एमालेले 'बार्गेनिङ' गरिरहेको आरोप लगाए ।

एमाले संसदीय दलले मुख्यमन्त्रीमा सोडारीलाई समर्थन गरे पनि तत्काल सरकारमा सहभागी नहुने निर्णय गरेको छ । यो निर्णयसँगै प्रदेश सरकारका विषयमा थप अन्योलता देखिएको छ । मन्त्रिपरिषद् विस्तार कहिले हुन्छ भन्नेमा अझै केही भन्न सकिने अवस्था नरहेको सत्तापक्षीय दलकै प्रदेशसभा सदस्यको भनाइ छ ।

(क्रमशः पृष्ठ २ मा)



■ **दीर्घबहादुर सोडारी**
**मुख्यमन्त्री**

- एमालेको कारण मन्त्रिपरिषद् विस्तार र सरकारको स्थायित्वमा आशंका
- बझाङको प्रदेशसभा सदस्य चुनावलाई लिएर एमालेले 'बार्गेनिङ' गरिरहेको आरोप
- मन्त्रिपरिषद् विस्तारमा भइरहेको ढिलाइले प्रदेश सरकारको काम प्रभावित

**सन्दर्भः वैदेशिक रोजगार**

# नौ महिनामा ९६२ परिवारलाई आर्थिक सहायता

- कूल २८ करोड ९५ लाख रुप्याँ आर्थिक सहायता वितरण
- श्रम स्वीकृति लिएर गएका श्रमिकले मात्रै पाउँछन् सहायता

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** वैदेशिक रोजगार बोर्डले चालु आर्थिक वर्षको नौ महिना (साउन-चैत) मा वैदेशिक रोजगारीका क्रमाम मृत्यु भएका ९६२ जनाको परिवारलाई आर्थिक सहायता प्रदान गरेको छ । वैदेशिक रोजगारीका क्रममा विभिन्न कारणले मृत्यु भएका उनीहरूको परिवारका सदस्यलाई कूल २८ करोड ९५ लाख रूप्याँ आर्थिक सहायता वितरण गरिएको बोर्डले जनाएको छ ।

बोर्डले आर्थिक सहायता वितरणको आधारमा वैदेशिक रोजगारीको क्रममा मृत्यु हुने नेपालीको संख्या यकीन गर्दै आएको छ । बोर्डले सार्वजनिक गरेको तथ्यांकअनुसार मासिक रूप्मा सरदर १०६ जना नेपालीको विदेशमा मृत्यु हुने गरेको देखिन्छ । यो सहायता रकम श्रम स्वीकृति लिएर गएका श्रमिकले मात्रै पाउँदै आएका छन् । बोर्डले श्रम स्वीकृति लिएर गएका श्रमिकको मृत्यु भएमा उनीहरूको परिवारलाई सात लाख रूप्याँ आर्थिक सहायता उपलब्ध गराउने गरेको छ ।

बोर्डले आर्थिक सहायता दिएको संख्याको आधारमा तथ्यांक राख्ने भए पनि विदेशमा मृत्यु हुने नेपालीको संख्या अझै बढी हुनसक्ने बोर्डका कार्यकारी निर्देशक डा. द्वारिका उप्रेतीले बताए । 'श्रम स्वीकृति लिएर जाने नेपालीहरूको मृत्यु भएमा उनीहरूका परिवारले तोकिएको सहायता रकम पाउने र रेकर्ड पनि हुन्छ,' उनले भने, 'अवैध तरिकाबाट रोजगारीका लागि विदेश गएका वा भिसा अवधि सकेर गैरकानुनी रूप्मा बसिरहेका नेपालीको मृत्यु भएमा तिनीहरूको न रेकर्ड हुन्छ न सहायता रकम नै पाउँछन्, एकदमै अप्ठ्यारो अवस्था छ ।'

गत आवको वैशाखसम्म वैदेशिक रोजगारीको सिलसिलामा एक हजार ३०६ नेपाली कामदारको मृत्यु भएको बोर्डले जनाएको छ । विदेशमा धेरैजसो प्राकृतिक रूप्मा, औद्योगिक दुर्घटना, आत्महत्या, कार्डियाक एरेस्ट, सडक दुर्घटना आदिका कारण नेपालीहरूको मृत्यु हुने गरेको बोर्डले जनाएको छ । यद्यपि अहिलेसम्म वैदेशिक रोजगारीको क्रममा जाँदा मेडिकल परीक्षणबाट स्वस्थ देखिएका नेपालीहरूको के-कति कारणले मृत्यु हुने गरेको छ भन्ने सम्बन्धमा सरकारले कुनै अध्ययन गरेको छैन ।





बोर्डले उल्लेख गरेअनुसार सबैभन्दा बढी मलेसिया गएका नेपाली कामदारको मृत्यु भएको छ । मलेसियापछि साउदी अरब, कतार र युएईमा धेरै संख्यामा नेपालीको मृत्यु भएको तथ्यांक छ । अन्य खाडी राष्ट्रको तुलनामा ओमान जाने नेपालीहरूको मृत्यु नगन्य मात्रामा रहेको देखिएको छ । विदेशमा हुने मृत्युमध्ये सबैभन्दा बढी बिरामी हुनुलाई कारण देखाइएको छ । अत्यधिक गर्मीका कारण पनि मृत्यु हुने गरेको बताइएको छ ।

यसैगरी वैदेशिक रोजगारीका क्रममा विभिन्न कारणले अंगभंग भएका ३८२ जना कामदारले १२ करोड एक लाख रूप्याँ आर्थिक सहायता पाएको बोर्डको तथ्यांकले देखाएको छ । कार्यस्थलमा हुने दुर्घटना, सडक तथा सवारी दुर्घटनालगायत विभिन्न कारणले नेपालीहरूको अंगभंग हुने गरेको बताइन्छ । तर अंगभंग हुने कामदारहरूलाई उनीहरूको शारीरिक अवस्थाका आधारमा आर्थिक सहायता दिने गरिएको छ ।

बोर्डको तथ्यांकअनुसार रोजगारीका क्रममा विदेशमा मृत्यु हुने र अंगभंग हुने नेपालीको संख्यामा केही कमी आएको देखिएको छ । यस्तो हुनुमा विदेश जाने कामदारमा आएको चेतना र पूर्वप्रस्थान अभिमुखीकरण तालिमले पनि प्रभाव पारेको हुनसक्ने कार्यकारी निर्देशक उप्रेतीको भनाइ छ । ' हामीले विगतदेखि नै विदेश जाने कामदारहरूको सचेतनाका लागि विभिन्न जानकारीमूलक परामर्श दिँदै आएका छौं,' उनले भने, 'यसको न्यूनीकरण र प्रभावकारिताका लागि अझै विभिन्न तालिमका कार्यक्रमहरू सञ्चालन गर्ने तयारी गरिहेका छौं ।'

बोर्डले विदेशमा स्वास्थ्यसम्बन्धी समस्याले अप्ठ्यारोमा परेकाहरूलाई पनि स्वास्थ्य परामर्श तथा औषधोपचारका लागि सहयोग पुऱ्याउने उद्देश्यले 'टेलिमेडिसिन' सेवा सञ्चालन गरिरहेको छ । एक वर्षदेखि सञ्चालनमा रहेको यो सेवाले कामदारलाई गम्भीर बिरामी हुनबाट जोगाउने र समयमै उपचारका लागि उत्प्रेरणा मिल्ने बताइएको छ । यसबाट पनि विदेशमा गम्भीर बिरामी र सरुवा रोगबाट हुनसक्ने मृत्युलाई न्यूनीकरण गर्न मद्दत गर्ने बोर्डको भनाइ छ ।




# त्रिविका शिक्षकलाई वैज्ञानिक लेखन तालिम

**काठमाडौं (प्रस)–** काठमाडौं सेन्टर फर रिसर्च एण्ड एजुकेसन (केसिआरई) को संयुक्त आयोजनामा त्रिविका शिक्षकलाई तथ्यांक विश्लेषण र वैज्ञानिक लेखनसम्बन्धी क्षमता अभिवृद्धि तालिम दिइएको छ ।

त्रिभुवन विश्वविद्यालय (त्रिवि) जल तथा मौसम विज्ञान केन्द्रीय विभाग तथा चाइनिज एकेडेमी अफ साइन्सेसको संयुक्त पहलमा निर्मित केसिआरइको सक्रियतामा भएको कार्यक्रममा त्रिविका उपकुलपति प्रा.डा. केशरजंग बरालले व्यावहारिक ज्ञानको निर्माण र समसामयिक चुनौतीलाई सम्बोधन गर्न तथ्यांक विश्लेषण र प्रभावकारी वैज्ञानिक कार्यपत्र लेखनको महत्त्वपूर्ण भूमिका रहनेमा जोड दिए ।

उनले अनुसन्धान र उत्कृष्ट लेखनमार्फत विश्वविद्यालय उत्कृष्ट बन्ने बताए । उपकुलपति प्रा.डा. बरालले त्रिविमा कार्यरत प्राध्यापक एवं अध्ययनरत विद्यार्थीलाई विश्वस्तरको शिक्षा र अनुसन्धानका अवसर उपलब्ध गराउनुपर्ने आवश्यकता रहेको धारणा व्यक्त गरेका थिए । उनले तालिमको अवसरलाई अधिकतम सदुपयोग गरी आफ्नो र आफ्नो संस्थाको प्रभावकारिता वृद्धि गर्न सहभागीलाई अनुरोध गरेका थिए । अनुसन्धानकर्ता उपप्राध्यापकको क्षमता अभिवृद्धिमार्फत शैक्षिक उत्कृष्टता बढाउन आयोजित तालिममा विज्ञान तथा प्रविधि अध्ययन संस्थानअन्तर्गत कार्यरत उपप्राध्यापक र सहायक प्राध्यापक गरी २५ जनाको सहभागिता रहेको छ ।

विज्ञान तथा प्रविधि अध्ययन संस्थानका डीन प्रा.डा. विनिल अर्यालले विश्वका सबै विधा तथ्यांक विश्लेषण एवं वैज्ञानिक लेखनमा केन्द्रित हुँदै गएको र तथ्यांक नै वैज्ञानिक विश्लेषणको महत्त्वपूर्ण आधार रहेकाले यस प्रकारको तालिमले अनुसन्धानमा महत्त्वपूर्ण योगदान गर्न सहयोग गर्ने बताए । यस प्रकारका तालिमले राष्ट्रिय एवं अन्तर्राष्ट्रियस्तरका जर्नलमा समेत लेख प्रकाशित गर्न उत्प्रेरित गर्ने र समग्रमा प्राज्ञिक क्षमताको विकास हुने अपेक्षा उनले गरेका थियो ।

कार्यक्रममा चाइनिज एकेडेमी अफ साइन्सेसको इन्स्टिच्युट अफ टिवेटियन प्लेटो रिसर्चका उपनिर्देशक तथा काठमाडौं सेन्टर फर रिसर्च एण्ड एकुजकेसन (केसिआरइ)का निर्देशक प्रा.डा. बाइक्विङ सूले दुवै देशको वैज्ञानिक अनुसन्धान तथा शिक्षाको क्षेत्रमा महत्त्वपूर्ण सहकार्य गर्न निर्मित केसीआरइले त्रिविको समग्र प्राज्ञिक उन्नयनको लागि महत्त्वपूर्ण सहयोग पुर्‍याउदै आइरहेको उल्लेख गरे ।

युवा अनुसन्धानकर्मीलाई अनुदान, विभिन्न तालिमको आयोजना, वैज्ञानिक सम्मेलनका लागि सहयोगलगायतका पक्षमा सहकार्य गरिरहेको उनले बताए । जल तथा मौसम विज्ञान केन्द्रीय विभागका विभागीय प्रमुख प्रा.डा. दीपक अर्यालले विभागले निरन्तररूप्मा राष्ट्रिय/अन्तर्राष्ट्रिय सहकार्यमा विभिन्न वैज्ञानिक सम्मेलन, गोष्ठी एवं तालिमको आयोजना गर्दै आइरहेको उल्लेख गर्दै युवा उपप्राध्यापकको प्राज्ञिक विकास र क्षमता वृद्धिलाई विशेष प्राथमिकता दिइँदै आइरहेको बताए ।

कार्यक्रममा जल तथा मौसम विज्ञान केन्द्रीय विभागका सहप्राध्यापक तथा केसिआरईका उपनिर्देशक डा. विनोद दवाडीले तालिममार्फत अनुसन्धान र लेखन क्षमताको विकास गर्ने, जर्नल प्रकाशनमा उत्प्रेरित गर्ने र उपप्राध्यापकलाई पुर्नताजगी गर्दै आफूले जानेका विषयलाई निरन्तर अद्यावधिक गर्ने उद्देश्य राखिएको बताए ।

## पृष्ठ १ बाट क्रमशः

### नेपाली श्रमिकलाई ...

अमिरले कतारको विकासमा नेपालीहरूको ठूलो योगदान रहेकोमा त्यसको प्रशंसा गर्दै आभार प्रकट गरे । दुई देशबीच बुधबार हुने समझदारी तथा सम्झौता नेपालमा रहेका जलस्रोत, कृषि, पर्यटनजस्ता क्षेत्रहरूमा लगानीको नयाँ सम्भावनाहरू बढाउन सकिने विश्वास अमिरले व्यक्त गरे ।

त्यस्तै नेपाल र कतारबीच सदैव सुमधुर सम्बन्ध रहिआएको बताउँदै राष्ट्रपति पौडेलले हाम्रा सम्बन्ध मित्रता, आपसी सम्मान, विश्वास र सद्भावमा आधारित रहेको स्पष्ट गरेका थिए ।

दुई मुलुकबीच नियमितरूपमा उच्चस्तरीय भ्रमणहरूको आदानप्रदान हुने परम्परा रहिआएको र यसबाट द्विपक्षीय सम्बन्धको विस्तारमा महत्त्वपूर्ण भूमिका खेलेको उल्लेख गर्दै राष्ट्रपति पौडेलले यस ऐतिहासिक भ्रमणले नेपाल र कतारको सम्बन्धलाई नयाँ उचाइमा पुर्‍याएको बताएका थिए । राष्ट्रपति पौडेलले राजनीतिक रूपान्तरणका मुद्दाहरू टुंगोमा पुगेसँगै नेपाल अब आर्थिक विकास र समृद्धिको यात्रामा अगाडि बढेको उल्लेख गर्दै विकास र समृद्धि हासिल गर्ने नेपालको प्रयासहरूमा कतारको सहयोग निरन्तर रहने विश्वास पनि व्यक्त गरेका थिए ।

दुई मुलुकबीच व्यापार, पर्यटन र लगानीका क्षेत्रमा सहकार्यको राम्रो सम्भावना रहेको सन्दर्भमा यी क्षेत्रहरूमा हाम्रो सहयोग एवं सहकार्य भविष्यमा थप घनीभूत हुने राष्ट्रपति पौडेलले विश्वास व्यक्त गरेका थिए । कतार नेपाली कामदारहरूको लागि वैदेशिक रोजगारीको एक प्रमुख एवं आकर्षक गन्तव्य मुलुक रहँदै आएको र आधुनिक कतारको विकासमा नेपाली कामदारहरूले पनि उल्लेखनीय योगदान गरेको स्मरण गराएका थिए । राष्ट्रपति पौडेलले अमिरको दूरदर्शी नेतृत्वमा कतारले गरेको दिगो विकास र समृद्धि देखेर धेरै खुसी लागेको बताउँदै मुलुकलाई एक उच्चविकसित राष्ट्र बनाउने अमिरको दीर्घकालीन सोच र दृढ अठोटको प्रशंसासमेत गरे ।

दुईदिने नेपाल भ्रमणमा आइपुगेका कतारका अमिर थानीलाई राष्ट्रपति पौडेलले त्रिभुवन विमानस्थलको अति विशिष्ट कक्षमा स्वागत गरेका थिए । उक्त अवसरमा अवसरमा नेपाली सेनाले उनको सम्मानमा २१ तोपका सलामी दिएको थियो ।

विमानस्थलमा उपराष्ट्रपति रामसहायप्रसाद यादव, प्रधानमन्त्री पुष्पकमल दाहाल, सभामुख, राष्ट्रिय सभाका अध्यक्ष, उपप्रधानमन्त्री, मन्त्री, परराष्ट्र मन्त्रालयसहितका उच्च पदस्थ सरकारी अधिकारीहरूको उपस्थिति थियो । कतारका अमिरको यो पहिलो नेपाल भ्रमण हो । कतारका अमिरको भ्रमणका अवसरमा सरकारले मंगलबार सार्वजनिक बिदासमेत दिएको थियो ।

#### अमिरको सम्मानमा रात्रिभोज

राष्ट्रपति पौडेलले कतारका अमिर थानीको सम्मानमा सोल्टी होटलमा रात्रिभोज आयोजना गरेका छन् । रात्रिभोजमा प्रथम महिला सविता पौडेल, उपराष्ट्रपति रामसहायप्रसाद यादव, प्रधानमन्त्री पुष्पकमल दाहाल, सभामुख, राष्ट्रिय सभाका अध्यक्ष, प्रधानन्यायाधीश, पूर्वप्रधानमन्त्रीहरू, उपप्रधानमन्त्री, मन्त्री, सांसद, उद्योगपतिलगायतको सहभागिता रहेको थियो ।

#### वीपिनको रिहाइका लागि पहल

राष्ट्रपति रामचन्द्र पौडेलले इजरायलमा हमासको आक्रमणपश्चात् बेपत्ता भएका नेपाली विद्यार्थी वीपिन जोशीको रिहाइका लागि पहल गरिदिन कतारका अमिरसँग आग्रह गरेका छन् । अमिर शेख तमिम विन हमाद अल थानीसँग राष्ट्रपति भवन शीतलनिवासमा भएको द्विपक्षीय भेटवार्ताका अवसरमा पौडेलले उक्त आग्रह गरेका हुन् ।

राष्ट्रपति पौडेलले आफूहरूका लागि वीपिनको रिहाइ महत्त्वपूर्ण चासोको विषय रहेको र रिहाइका लागि कतारका अमिरलाई पहल गरिदिन आग्रह गरेको राष्ट्रपतिका प्रेस सल्लाहकार किरण पोखरेलले जानकारी दिए । गत ७ अक्टोबर २०२३ मा हमासको आक्रमणमा परी जोशी वेपत्ता नै रहेका छन् । कतारका अमिरले यसबारेमा विगतमा पनि चासो लिएर पहल गरेको र यसबारेमा थप पहल गर्ने पनि बताएका थिए ।

### सुदूरपश्चिममा मन्त्रिपरिषद...

मन्त्रिपरिषद् विस्तारमा भइरहेको ढिलाइले प्रदेश सरकारको आगामी आर्थिक वर्षको नीति कार्यक्रमलगायतका विषयमा गर्नुपर्ने तयारी प्रभावित हुने देखिएको छ । मन्त्रालय मन्त्रीविहीन हुँदा सरकारका नीतिगतलगायतका काम कारबाही पनि प्रभावित हुने देखिएको कर्मचारीको भनाइ छ ।

यसअघि मुख्यमन्त्रीमा दाबी पेस गरेका नाउपाका लक्ष्मणकिशोर चौधरीले मुख्यमन्त्रीमा नियुक्त सोडारीको दाबी नपुगेको जनाउँदै सर्वोच्च अदालतमा रिट दायर गरेका थिए । उक्त रिटमाथिको सुनुवाइ गर्दै सर्वोच्चले कारण देखाऊ आदेश जारी गरिसकेको छ ।

लक्ष्मणकिशोरले आफूले बहुमत प्राप्त प्रस्ताव पेस गरे पनि दाबी नपुगेको भनेर रद्द गरी असंवैधानिक काम गरिएको र अल्पमतका व्यक्तिलाई मुख्यमन्त्रीमा नियुक्ति गरिएको जिकिरसहित सर्वोच्चमा रिट दायर गरेका थिए । उनले प्रदेश प्रमुखको मुख्यमन्त्री नियुक्तिको निर्णय खारेज गरी आफूलाई मुख्यमन्त्री नियुक्त गर्नका लागि अन्तरिम आदेश माग गरेका छन् । प्रदेश प्रमुखले गत चैत २३ गते गरेको पहिलो आह्वानमा नाउपाका लक्ष्मणकिशोर चौधरी र कैलाश चौधरीले छुट्टाछुट्टै रूप्मा मुख्यमन्त्रीमा दाबी पेस गरेका थिए । पेस गरिएको दाबीका आधारमा कुनै आधार स्पष्ट हुन नसकेको कारण जनाई प्रदेश प्रमुखले संविधानको धारा १६८ को उपधारा (२)बमोजिम दुई दिनको समय दिएर मुख्यमन्त्रीमा पुनःदाबी पेस गर्न आह्वान गरेका थिए ।

सो आह्वानबमोजिम माओवादी केन्द्र, एमाले, नाउपा र स्वतन्त्र सदस्य डा. तारा जोशीको समर्थनमा एकीकृत समाजवादी संसदीय दलका नेता सोडारीले मुख्यमन्त्रीमा दाबी पेस गरेका थिए । त्रिपन्न सदस्यीय सुदूरपश्चिम प्रदेशसभामा नेपाली कांग्रेसका १८, माओवादी केन्द्रका सभामुखबाहेक १०, एमालेका १०, नाउपाका सात, एकीकृत समाजवादीका चार, राप्रपाका एक र एक स्वतन्त्र सदस्यको प्रतिनिधित्व छ । रिक्त एक प्रदेशसभामा यही वैशाख १५ मा उपचुनाव हुँदै छ ।


**मोटरसाइकल हराएको सूचना**

मिति २०८१/०१/०४ गते काठमाडौं, टोखा, बानियाटार ८ बाट घर अगाडि पार्किङ गरिराखेको अवस्थामा Pulsar 220 CC pulsar कालो, रातो रंगको मोटरसाइकल हराएकोले पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगाना तथा फोन नं. मा सम्पर्क गरिदिनुहोला ।

नाम : सन्सील सुनार
बाइक नं.: बा .प्र.०२-४६ प ३४५०
च्यासिस नं.: MD2A13EXXNCM 83263
इन्जिन नं. : DKXCNM 37652
ठेगाना: नुवाकोट, तार्केश्वर गा.पा. वडा.नं.३
सम्पर्क: ९८६९२२५७१०



**हिमालयन फाइबर्स एण्ड आउटडोर्स प्रा.लि. लाई**

**खारेज गर्ने सम्बन्धमा लिक्विडेटरको सूचना**

कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर काठमाडौमा दर्ता न. ११४८२९ रहेको हिमालयन फाइबर्स एण्ड आउटडोर्स प्रा.लि. को मिति २०८१/०१/०६ गतेको विशेष साधारण सभाको बैठकले प्रस्ताव पारित गरि कम्पनीलाई कम्पनी ऐन, २०६३ को दफा १२६ अनुसार स्वेच्छिक खारेजी (लिक्विडेशन) मा लैजाने निर्णय गरेकोले कम्पनी ऐन अन्तर्गत कम्पनीको खारेजी (लिक्विडेशन) प्रक्रिया शुरू गरिएको छ। कोही कसैको यस कम्पनीमा पाउनु पर्ने बाँकी बक्यौता भएमा सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र तल उल्लेखित लिक्विडेटरको कार्यालयमा प्रमाण सहित दाबी गर्नुहोला । कम्पनी ऐन, २०६३ बमोजिम दायित्व र भुक्तान गर्न बाँकी रहेको जायजेथा कम्पनीका शेयरधनीहरूलाई बाँडिने हुँदा तोकिएको म्याद भित्र दावी गर्न नआए पछि कुनै किसिमको उजुर दावी नलाग्ने व्यहोरा सम्बन्धित सबैलाई यसै सूचना मार्फत सुचित गरिन्छ ।

**लिक्विडेटरको कार्यालय**
**नाम: ईश्वरी प्रसाद पौडेल, इजाजतपत्र नं ४११**
**ठेगाना: का.म.न.पा वडा नं. १०, बुद्धनगर, काठमाडौं**
**मो.नं.: ९८५१०००५२०**



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : NAL UNITED COMPANY LTD ......

पूर्व स्वीकृति मिति २०८०/०३/०४ पुन विज्ञापन स्वीकृति मिति २०८१/०१/११ LT. No. 288063 चलानी नं. ६०२०३४०२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Trailer Truck Driver | 7 | 0 | 1800 | ६३,९५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ वैशाख १९ गते (1st May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १७२/०५६/५७

**WORKFORCE SERVICES PVT. LTD.**
Sinamangal-09, Airport, Kathmadnu, Tel: +977-1-4569912, 4569913, 4569914
Email.:info@workforce.com.np, Web Site : wwww.workforce.com.np



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : EFSIM FACILITIES MANAGEMENT COMPANY

पूर्व स्वीकृति मिति २०८१/०१/१० LT. No. 303712 चलानी नं. ६०२१९५२७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Store Worker | 15 | 0 | 1000 | ३५,५५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : INNOVATIVE FOODS COMPANY FOR FOOD INDUSTRIES

पूर्व स्वीकृति मिति २०८१/०१/०९ LT. No. 303613 चलानी नं. ६०२१९५२६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Packaging & Wrapping Worker | 10 | 0 | 1000 | ३५,५५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ वैशाख १९ गते (1st May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

License No. : 1563/079/080

**HAMDAN GLOBAL PVT. LTD.**
Sinamangal - 9, Kathmandu (Opposite of Hope hospital), Tel: +977 1 5915082 / 83
Email: hamdanglobalnepal@gmail.com, Web: www.hamdanglobal.com



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL JASR HUMAN RESOURCES CONSULTANCIES EST.

पुर्व स्वीकृति मिति २०८०/१२/१२ पुन विज्ञापन स्वीकृति मिति: २०८१/०१/११ LT. No. 302304 चलानी नं. ६०२१७२३९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Helper | 40 | 0 | 800 | २९,०३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ वैशाख १९ गते (1st May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SOE श्रम ईजाजत नं. ४९७/०६१/०६२

**Shuvam Overseas Employment Pvt. Ltd.**
Mitranagar-29, New Buspark Kathmandu, Nepal, Tel : +977-1-42160043,
Mobile: 9851073220, 9851196634, 9846061401
E-mail : shuvamoves123@gmail.com, Website : www.shuvamoverseas.com



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : FROYO REFRESHMENTS & SNACKS COMPANY

पुर्व स्वीकृति मिति २०८०/००९/१३ पुन विज्ञापन स्वीकृति मिति २०८१/०१/११ LT No. 297364 चलानी नं.६०२१२३३५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Helper | 0 | 29 | 120 | ५२,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ वैशाख १९ गते (1st May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ३०१/०५९/०६०

**SUPREME OVERSEAS PVT. LTD.**
Koteshwor-35, Kathmandu, Nepal. Phone: +977-1-4612909, Mob No.: 9851141464 | Fax: 01-4600047
Email: supremeovs301@gmail.com, Web: www.supremeoverseas.com.np



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL MUHALAB CONTRACTING & TRADING CO.

पूर्व स्वीकृति मिति : २०७९/०२/१२ पुन विज्ञापन स्वीकृति मिति २०८१/०१/११ LT. No.263596 चलानी नं. ६०१७९९३३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Builder | 2 | 0 | 115 | ४६,७०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Electricians | 39 | 0 | 115 | ४६,७०५ | | | | | | | |
| 3 | Graphic Designer | 1 | 0 | 380 | १५४,३३५ | | | | | | | |
| 4 | I T | 1 | 0 | 270 | १०९६६० | | | | | | | |
| 5 | Labor (Indoor) | 44 | 0 | 85 | ३४,५२० | | | | | | | |
| 6 | Mechanical | 4 | 0 | 115 | ४६,७०५ | | | | | | | |
| 7 | Painter | 4 | 0 | 115 | ४६,७०५ | | | | | | | |
| 8 | Plaster Worker | 2 | 0 | 115 | ४६,७०५ | | | | | | | |
| 9 | Scaffolder | 4 | 0 | 115 | ४६,७०५ | | | | | | | |
| 10 | Steel Fixer | 4 | 0 | 115 | ४६,७०५ | | | | | | | |
| 11 | Welder | 3 | 0 | 115 | ४६,७०५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ वैशाख १९ गते (1st May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १०५०/०७३/०७४

**EARTH SMART HUMAN RESOURCES NEPAL PVT.LTD.**
Sinamangal, Kathmandu-9, Phone No. +977-01-4574652, 4574653
Website: www.earthsmart-nepal.com Email : earthsmartnepal1050@gmail.com



## ZERO COST RECRUITMENT OPPORTUNITY FOR QATAR !!!

## शुन्य लागत अन्तर्गत कतारमा वैदेशिक रोजगारको अवसर ।

**Free Visa, Free Ticket, Free Medical, Free Processing, No Service Charge, No Cash Deposits, No Salary Deductions, No Mediator!**

निःशुल्क भिषा, निःशुल्क टिकट, निःशुल्क स्वास्थ्य जाँच, निःशुल्क भर्ना प्रकिया, सेवाशुल्क नलाग्ने, तलब कटौतीनहुने, नगदजम्मा गर्नु नपर्ने, मध्यस्थकर्ता (बिचौलिया) निषेधित

COMPANY: TRAPANI RESTAURANT, QATAR
कम्पनी : ट्रपानी रेष्टुरेन्ट, कतार

Pre Approval Date : 2024-04-09 LT. No.303332 चलानी नं. ६०२१८११९
पूर्व स्वीकृति मिति : २०८०/१२/२७ एल टि न. ३०३३३२ Invoice No. 60218119

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Cook | 3 | 0 | 1700 | ६२,२१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cooker | 3 | 0 | 1800 | ६५,८७० | | | | | | | |
| 3 | Shawarma Maker | 2 | 0 | 1700 | ६२,२१० | | | | | | | |
| 4 | Waiter | 3 | 0 | 1620 | ५९,२८० | | | | | | | |
| 5 | Washing Worker | 2 | 0 | 1400 | ५१,२३० | | | | | | | |

The interview will be conducted in the office on 1st May, 2024.
अन्तर्वाता हुने स्थान र मिति : संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ वैशाख १९ गते हुनेछ ।

नोट: आवेदकहरूलाई कुनै मध्यस्थकर्ता (बिचौलिया) को प्रयोग बिना सिधा आवेदन दिन आमन्त्रित गरिएको छ । आवेदक वा आवेदकका परिवारका सदस्यहरूले यस भर्ना प्रक्रियाको लागि कुनै पनि शुल्क तिर्नु पर्नेछैन ।
Note: Applicants are invited to apply directly without using any mediators. Applicants or their family members are not required to pay any form of fees for this recruitment.

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने Who will bear the Medical Examination Cost at Origin Country (Pre Medical) | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने Who will bear the medical Examination Cost at Destination Country | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने Who will bear the Insurance at Origin Country and how much is the cost | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने Insurance at work provided/not provided and premium borne by whom | कामदारलाई हवाई टिकट कसले दिने र कति लाग्ने Who will bear the workers Air Ticket and how much is the cost | भिषा शुल्क कसले व्यहोर्ने Who will bear the Visa Cost | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने How much is the Orientation Cost and who will bear it | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने Who will bear the Visa Stamping Cost |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने उमेर १८ देखि ३५ : ने.रु.३७०८/- उमेर ३६ देखि ५० : ने.रु.४९३१/- उमेर ५१ देखि ६४ : ने.रु.९४६३/- By the Employer Age 18 to 35 : NPR 3708/- Age 36 to 50 : NPR 4931/- Age 51 to 64 : NPR 9463/- | रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer | ने.रु.७०० /- रोजगारदाताले व्यहोर्ने NPR 700/- By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer |

कल्याणकारी कोष सम्बन्धी व्यवस्था : ने.रू.१५००/- रोजगारदाताले व्यहोर्ने Management of Workers Welfare Fund NPR 1500/- By the Employer
सेवा शुल्क कसले व्यहोर्ने who will bear the Service Fee रोजगारदाताले व्यहोर्ने By the Employer

यस प्रा.लि. को कुनै शाखा तथा मध्यस्थकर्ता छैन । यस कम्पनीले कुनै पनि भर्ना शुल्क लिने छैन । यसको मतलब कुनै पनि भर्ना प्रकिया शुल्क नलाग्ने, तलब कटौती नहुने र नगद जम्मा गर्नु नपर्ने ।

Vision & Value Overseas Pvt. Ltd. does not have any branch or mediator representative. This company is a non fee charging company to workers going abroad. This means no placements fees, no processing fees, no salary deductions, no cash deposits or any form of fees.

हामी तपाईलाई हाम्रो कार्यालय परिसरमा राखिएका मागपत्रसँग सम्बन्धित जानकारीमूलक सामग्रीहरु जस्तै पर्चा, व्यानर फ्लेक्स आदि पुर्ण रुपमा अध्ययन गरी जानकार हुन अनुरोध गर्दछौं ।

We request you to fully study and understand job-related informative materials such as flyers, banners, flex placed at our Office premises.

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १. भिषा प्राप्त भएको सुनिश्चित गर्न एजेन्सीमा सम्पर्क गर्नुहोस् । २.आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३.यस विज्ञापन (सूचना)मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४.विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५.विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुबिधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६.काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७.यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, ताहाचल सम्पर्क गर्नुहोला ।

Information provided by the Department of Foreign Employment(DOFE) 1.Consult with Agency for the visa confirmation that is issued under your name 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement 4.Before going abroad orientation or induction training should be attended compulsorily 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 6.While going abroad use International Airport of Nepal or else you might be deceived 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment(DOFE), Tahachal.

श्रम ईजाजत नं. ८२२/०६६/०६७

**VISION & VALUE OVERSEAS PVT. LTD.**
Dhapasi Marg, Basundhara, Kathmandu, Nepal, Tel- +977-4379749, 4379162, 4379450, P.O.Box: 7764
Mobile: 9802356846, 9802356847, 9863194839, 9863194834, 9863194832, 9863194833, 9863194835
Email:- visionhospitalityjobs@gmail.com | URL: www.vnvnepal.com


# कतारका अमिरको स्वागत











१) नेपालको दुईदिने राजकीय भ्रमणमा मंगलबार आएका कतारका अमिर शेख तमिम बिन हमाद अल थानी त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा । २) र ३) राष्ट्रपति रामचन्द्र पौडेल र प्रधानमन्त्री पुष्पकमल दाहाल कतारका अमिरलाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा स्वागत गर्दै । ४) कतारका अमिरलाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा स्वागत गर्दै विभिन्न वेशभूषामा उपस्थित सर्वसाधारण । ५) राष्ट्रपति रामचन्द्र पौडेल र नेपालको दुईदिने राजकीय भ्रमणमा आएका कतारका अमिर शेख तमिम बिन हमाद अल थानी मंगलबार राष्ट्रपति भवन शीतलनिवासमा भेटवार्ता गर्दै ।

*तस्बिरहरू: रासस*

## काठमाडौंका सामुदायिक विद्यालयमा स्वयंसेवक परिचालन

**काठमाडौं (प्रस)–** काठमाडौं महानगरपालिकाले सामुदायिक विद्यालयको सौन्दर्यीकरण तथा विद्यार्थीलाई शिक्षण सिकाइप्रति थप उत्प्रेरित गर्न स्वयंसेवक परिचालन गरेको छ । सामुदायिक विद्यालयमा सरसफाइ, हरियाली, कलात्मक र आकर्षक वातावरण बनाउनका साथै विद्यार्थीलाई शिक्षण सिकाइप्रति थप उत्प्रेरित गर्ने उद्देश्यले स्वयंसेवक परिचालन गरिएको महानगर शिक्षा विभागकी निमित्त प्रमुख सरस्वती पोखरेलले जानकारी दिइन् । महानगरले सार्वजनिक सूचनामार्फत संकलन गरिएका आवेदकमध्ये १४५ जना स्वयंसेवक छनोट गरेर सामुदायिक विद्यालयमा परिचालन गरिएका पोखरेलले बताइन् । स्वयंसेवकमध्ये ४५ जनालाई युवा र बालबालिका (सम्पदा) कार्यक्रम तथा १०० जनालाई वातावरण र बालबालिका (बाबा) कार्यक्रमका लागि परिचालन गरिएका छन् ।

पोखरेलका अनुसार महानगरपालिकाभित्रका ८९ सामुदायिक विद्यालयमा छ महिनाका लागि स्वयंसेवक परिचालन गरिएका छन् । स्वयंसेवकले हरेक हप्ताको दुई दिन (बिहीबार र शुक्रबार) विद्यालयमा समय दिनुपर्ने र शिक्षक तथा विद्यार्थीहरूसँग सहकार्य गरी 'सुन्दर विद्यालय' कार्यक्रमलाई प्रभावकारी बनाउनुपर्ने छ ।

त्यसैगरी हरेक बिहीबार सम्पर्क शिक्षकसँगको समन्वयमा शुक्रबार विद्यालयमा सञ्चालन गरिने कार्यक्रमको कार्ययोजना बनाउने र तिनलाई कार्यान्वयन गर्ने, विद्यालय हाता, कक्षाकोठा, बगैंचा, शौचालयको सरसफाइका लागि अगुवाइ र फोहरको वर्गीकरण अभ्यासलाई संस्थागत गर्नेलगायत काममा स्वयंसेवकबाट योगदान हुने महानगरपालिकाले अपेक्षा गरेको छ । उनीहरूलाई महानगर स्वर्णिम योजना 'स्मार्ट टोल' कार्यक्रममासमेत सहभागी गराउन सकिने पोखरेलको भनाइ छ ।


## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : VIOLA FLORA TRADING AND SWEETS

पूर्व स्वीकृति मिति २०८१/०१/१० | LT. No. 303686 | चलानी नं. ६०२१८५१४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cashier | 2 | 0 | 1400 | ५१,२५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Driver | 2 | 0 | 1400 | ५१,२५० | | | | | | | |
| 3 | Executive Sales | 2 | 0 | 2100 | ७६,८७५ | | | | | | | |
| 4 | Flower Maker | 10 | 0 | 1200 | ४४,००० | | | | | | | |
| 5 | Labour | 1 | 0 | 1000 | ३६,६०५ | | | | | | | |
| 6 | Labour Services | 5 | 0 | 1000 | ३६,६०५ | | | | | | | |
| 7 | Marketing Represent | 2 | 0 | 2200 | ८०,५३५ | | | | | | | |
| 8 | Purchase Rep | 1 | 0 | 2200 | ८०,५३५ | | | | | | | |
| 9 | Receptionist | 3 | 0 | 1200 | ४४,००० | | | | | | | |
| 10 | Store Keeper | 1 | 0 | 1900 | ६९,५५५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ वैशाख १९ गते (1st May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च । दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Sunlight Recruitment Service Pvt.Ltd.**

Shantinagar, Kathmandu, Nepal Tel.01-4620777
E-mail: info@sunlightrecruitment.com.np,
sunlightrecruitmentservice@gmail.com
Website : www.sunlightrecruitment.com.np

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : BELLIZA MAROKEN LADIES BEAUTY SALON CO

पुर्व स्वीकृति मिति २०७९/११/३ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०१/११ | LT No : 281018 | चलानी नं. ६०१९६५६३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hairdresser | 0 | 4 | 150 | ६४,८७० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Nail Technician | 0 | 5 | 150 | ६४,८७० | | | | | | | |

कम्पनी : MAYA TEX RESTAURANT CO.

पुर्व स्वीकृति मिति २०८०/०५/०४ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०१/११ | LT No :291331 | चलानी नं. ६०२०६५६८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waiter/Waitress | 5 | 3 | 120 | ५२,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: निःशुल्क

कम्पनी : HONG LUXURY MEN''S HEALTH INSTITUTE COMPANY

पुर्व स्वीकृति मिति २०८१/०१/१० | LT No :303677 | चलानी नं. ६०२१८४९६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Barber/hair Stylist | 4 | 0 | 150 | ६४,८७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ वैशाख १९ गते (1st May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License No. 1352/074/075

**Omega International Pvt. Ltd.**

Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337
E-mail : info@omeganepal.com,Website : www.omeganepal.com

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### श्रमिक पठाउनेमात्र हैन लगानीमा पनि सम्झौता होस्

कतारका अमिर शेख तमिम विन हमाद अल थानी दुईदिने राजकीय भ्रमणका लागि नेपाल आएका छन् । उनको यो भ्रमणले नेपाली श्रमिकमा एक किसिमको उत्साह थपिदिएको छ । राष्ट्रपति रामचन्द्र पौडेलले कतारमा रहेका नेपाली श्रमिकका हक अधिकारको रक्षा, सेवासुविधाबारे गरेको कुराकानीबाटै यो प्रस्ट हुन्छ । कतारमा वैधानिक तवरमा गएका नेपालहरूको संख्या चार लाखभन्दा बढी छ ।

कतार नेपालीका लागि आकर्षक श्रम गन्तव्य बन्दै गर्दा त्यहाँको राजासँग यस विषयमा कुरा हुनु नौलो त भएन । सस्तो श्रमिक उनीहरूको आवश्यकता हो । नेपाली कामदार उनीहरूका लागि मौका हो । तर यो मौकाको सदुपयोग कसरी गर्ने ? सायद न त नेपालका नेतृत्वमा बस्नेहरू यसबारे रुचि राख्छन् न त प्रशासकहरू नै ।

यतिमात्र हैन, कतार विश्वकप आयोजना गरिसकेको विकसित देश हो । कतिपय नेपालीहरू विकास हेर्न कतार पुग्ने गर्छन् । विकसित देशको राष्ट्रप्रमुखको भ्रमणलाई देशको लगानीसँग जोडेर हेर्न सक्नुपर्दछ । नेपालले श्रमिक पठाउँदा यहाँ लगानीमा के योगदान दिन सक्छ कतारले ? यस्तो विषय नै दुई पक्षीय सम्झौता हो । श्रमिकलाई आकर्षक क्षेत्रको प्रस्ताव भनेको एकपक्षीय सम्झौता ठहर्छ ।

अर्को विषय नेपालले पर्यटनलाई आम्दानीको मुख्य स्रोतका रूप्मा लिएको छ । हिमाल देखाउँदै, संस्कृति देखाउँदै पर्यटन प्रवर्द्धन गर्ने हाम्रो पुरानै पद्दति छ । कतारका राजाको नेपाल भ्रमणले पर्यटन क्षेत्रमा कतारका अमिरहरूको आकर्षण हुन सक्छ । तर युवा शक्ति कतारलगायत देशले लैजाँदा सुन्दर गाउँ, हिमाल र सांस्कृतिक रुटमा स्वागत गर्ने कसले ? तिनलाई सेवा दिने कसले ? यस विषयमा पनि सरकारको गम्भीर ध्यान जानु जरुरी छ ।

यसका साथै कतारजस्ता देशसँग युवाको श्रममात्र बेच्ने हैन, नेपाली उत्पादन पनि बेच्न सक्नुपर्छ । यसका लागि नेपालले कूटनीतिक तवरले बहस थाल्न आवश्यक छ । युवाको श्रम बेच्दा रेमिटयान्स भित्रिन्छ भनेर ढुक्क बस्नु ठीक हुन्न । शक्तिशाली देशहरू सकेसम्म मिडियटरको भूमिकामा बसेर कमजोर देशलाई जसरी हुन्छ शोषण गर्ने पक्षमा हुन्छन् । यसमा नेतृत्वमा बसेका केही टाउकेहरूलाई विभिन्न उपहार शक्तिशाली देशका शासकहरूले दिन्छन् । केही वर्षअघि यस्ता अमिरहरूले मन्त्रीहरूलाई सयरका लागि अत्याधुनिक कारहरू उपहार दिन्थे । यसको क्षतिपूर्ति अमिरहरूले कैयन् नेपाली श्रमिकहरूको श्रम शोषण गरी लिन्थे । यस्तो प्रवृत्तिको अहिले विस्तारै अन्त्य हुँदै छ । तर युवा श्रमशक्ति उनीहरूको खाँचो हो । हरेक खाँचोमा श्रमिक स्रोत भएको देशले पनि आफ्नो स्वार्थअनुकूल सम्झौता गर्न सक्नुपर्छ । अन्यथा यस्ता राजकीय भ्रमण केवल औपचारिकतामा सीमित हुने निश्चित छ ।

## मनन्योग्य

### चाणक्य नीति

नन्दका कान सन्दरीका मीठो स्वर दरवारिया चापलुसी चाटुकारिता सुन्नमा व्यस्त हुन्थे, तर चाणक्यका सिसाजस्तो गड्ने कुरा सुनी रिसले तमतमाउँदै पूरै कडकर राजा नन्दले भने- 'यो मूर्ख बाह्मणलाई यहाँ कसले ल्यायो ? यसको यो दरबारमा प्रवेश गर्ने साहस कसरी भयो ?'

कुरा यसरी बिग्रिएको देखी अमात्य शकटार खडा धभई भन्न लागे 'महाराज , क्षमा चाहन्छु, मैले त तक्षशिलाका मार्तण्ड विद्वान् व्यक्तित्वलाई दरबारमा ल्याएको हूँ, यी विष्णगप्त हुन् । जसका बुद्धिको चर्चा देश-विदेशमा टाढा-टाढासम्म छ । जसको अर्थशास्त्र विश्वप्रसिद्ध छ र अन्य विषयमा पनि त्यस्तै राजनीतिक प्रकाण्ड विद्वान् । राजा नन्दले चाणक्यपछि फर्केर उपहास गर्दै भने यो शक्तिहीनजस्तो कुरूप व्यक्ति पनि प्रकाण्ड विद्वान मार्तण्ड विद्वान किन ?

राजाले चाणक्यलाई व्यङ्ग्य गरेको देखी सबै दरबारियाले पनि व्यग्य गर्न थाले । सुनिएको थियो- 'ब्राह्मणका रिस डरलाग्दो हुन्छ तर आज साक्षात् देख्ने मौका पायौं' चाणक्यको रिस सीमाबाहिर भयो। उनको शरीर रिसरूपी आगोले काम्न थाल्यो । कमण्डलुबाट जल लिएर हातमा राख्तै टुक्रिएर भने' राजा नन्द ।राजा तन्द । तिमीलाई यो पनि थाहा छैन, मगध एउटा दन्दनाएको ज्वालामुखी भइरहेछ । कहिले ज्वालामुखी फुट्छ । जुन राजाका हात युद्धमा शत्रुको शिर काट्नमा प्रयोग हुन्छ त्यही हात नर्तकी, वेश्या, कामिनीका साथ मोजमस्तीमा लागिरहन्छन् । हेर नन्द । राजाको शरीर प्रजामा अर्पण हुन्छ, तर म देख्दैछु राजा सुरा सुन्दरीमा समर्पित छ । जुन राजालाई बाहिरी देशको ज्ञान छैन त्यो ज्ञान चाकडी र चाप्लुसीवादले निकम्मा बनाएको छ । त्यस्ता राजाले आफ्नो राज्यमा के भएको चाल पाउदैन ।

छिमेकी राज्यसहित विदेशीको गिद्धेदृष्टि मगधमा छ, तर राजालाई भोगविलासले त्यो जान्ने फुर्सद कहाँ छ ? सभामा बसेका सबैले थी ब्राह्मणलाई आश्चर्यचकित भई हेरिरहे । यस्तो कुरा राजा, नन्द र महामात्य राक्षसका सामुमा अगाडि भन्न सक्ने दु:साहस सपनामा पनि उनीहरू गर्न सक्दैनथे ।

# हामी किन आफ्नै देशमा रम्न सकेनौं ?



▶▶ युवराज ढुंगाना

हामीले सहरको एक पाइला जमिन खरिद गर्नका लागि जिन्दगीभरको मिहेनतको कमाई खन्याउनुको सट्टा आफ्नै जन्मस्थान वरपरको विकास गर्न गराउन सकेको भए आज हामी कति धनी र सुखी हुने थियौं होला ? कल्पना गरौं र गल्ती सच्याउने कोसिस गरौं ।

कति कमजोर रहेछ भाग्य, आफ्नै देशमा बस्न सकिनँ, मातृभूमिलाई आफ्नै भनेर खुसी मनले रम्न सकिनँ । यो देशको खेतबारी त्यसै खेर गयो, हाम्रा आफ्ना छोराछोरी विदेशीले लग्यो । इमान्दार हुनुको नतिजा चन्द्रलोकको यात्राजस्तो सुखद् हो भने बेइमानी हुनुको नतिजा परमाणु बमले देशै ध्वस्त पारेजस्तै फरक र विपरीत कुरा हुन् । खासगरी हाम्रो ध्यान यसतर्फ पुगेकै छैन ।

हामी किन आफ्नै देशमा रम्न सकेनौं ? हामी किन आफ्नै घरमा जम्न सकेनौं ? एउटा समयमा प्रधानमन्त्रीले बोलेको सुनेको थिएँ ७०-८० हजार मासिक तलब खाने व्यक्ति पनि यो देश छाडेर विदेश गइराखेको छ । त्यसकारण यहाँ नेपाली दाजुभाइहरूले रोजगारी नपाएर विदेश गएको भन्ने कुरा मलाई सत्य लाग्दैन । साथै, हामीले रोजगार सिर्जना गर्न नसकेको भन्ने कुरा पनि साँचो होइन ।

प्रधानमन्त्रीका यस्ता छलकपटले भरिएका वाक्यहरूबाट नै यो प्रस्ट भएको छ कि हाम्रो देशभित्र बेरोजगारी बढेको मात्रै होइन, देशमा आमनागरिकसमेत बस्न लायक छैन भन्ने कुरा प्रमाणित हुँदै गएको सत्य हो । आजका दिनमा यो देश, अब बस्न लायक देशजस्तो रहेन । हरेक नागरिकले खुसी मनले यहाँ बस्न रुचाउँदैन । त्यसको कारण भनेको एउटा मात्रै छैन । न त बेरोजगारी समस्याले मात्रै हो, न त भ्रष्टाचारलगायतका अवाञ्छित गतिविधिले मात्रै । समग्र देशको धर्म, संस्कृति, भाषालगायत सामाजिक सद्भाव नै खल्बलिने गरी राजनीतिबाट आक्रमण नै भएको छ । जब बाहिरबाट देखिनेखालको अशान्ति हत्या-हिंसाको आन्दोलन सकियो, तब भित्रैबाट मानसिकरूपमा नै अशान्तिको ज्वाला दन्कियो । यसको पहिलो प्रहार नै नवजवान विद्यार्थी वर्ग हुन पुग्यो । शिक्षामा चरम बेथिति, सामाजिक सद्भाव नष्ट खरानी भयो ।

आफ्ना सन्तति नै जब यहाँ रहँदैनन् भने, अभिभावक किन कसको मुख हेरेर बस्ने ? यो प्रश्नको जवाफ हामीले आफूभित्रैबाट खोज्नुपरेको छ । इतिहासमा जसरी जंगबहादुरले देशलाई पछाडि पारे । भनिन्छ- त्यो भन्दा सयौं गुणा पछि धकेल्ने काम पछिल्लो कालखण्डका सत्ताधारीहरूबाट भइराखेको छ । यो अन्धकारको युगको इतिहास लेख्नु भनेको, हाम्रो ऐतिहासिक विरासतमा कसरी कालो धब्बा लाग्यो ? र, नागरिकहरूले कतिसम्म अपमान सहेर दबिएर बसेका रहेछन् भन्ने लाचारीपनको पराकाष्ठ देखाइनुमात्रै हुने छ । पुरानो समयमा मानिसहरूको भौतिक रूपमा बेचबिखन पनि हुने गर्दथ्यो, तर आज नैतिक रूपमा अपहरण हुने गरेको छ, दबाब दिइएको छ राजनीतिले । 'यसो गर्ने भए गर, नत्र तेरो खैरियत छैन' सफाया नै पो हुने हो कि ? ठूलो त्रास छ मनमा । विगमा सती प्रथा थियो । महिलाहरू धर्मको नाममा स्वेच्छाले नै चितामा जल्न मञ्जुर गरे । तर, आज कलिला बालिकाहरूको अपहरण, बलत्कार, हत्या र बेचबिखनसम्मका निकृष्ट कामहरू भइरहँदा राज्य सञ्चालक शक्तिहरू हाँसेर मजा लिइरहेका छन् ।' चेलीहरूको मात्र होइन, नाम चलेका युवाहरूको पनि बलत्कार हुने गरेको छ ।

भोलिको हाम्रो पुस्ता भावी सन्ततिहरूले हामीलाई धिक्कार भन्दै थुक्ने छन्- 'किन हाम्रा पुर्खाहरूले आफ्नो जन्मभूमि त्यति सुन्दर देश छोडेर विदेश पलायन भएका होलान् ? विदेशीको आक्रमणमा परेका वा लडाइँबाट घरबारविहीन पारिएका भन्ने कुरा त कहीँ देखिँदैन, आर्थिक उन्नति भन्ने कुरा संसारकै मानिसले आफ्नो ठाउँमा आफैं गरेको हो नि ! अझै पनि हाम्रा पुर्खाहरूको जग्गा जमिन सम्पत्ति बाँकी नै छ रे भनेर आपसमा कुरा गर्दैगर्दा हाम्रो आत्मा कहाँ भट्किराखेको होला ? जसरी आज हामीले हाम्रा पुर्खाहरूको बहादुरीको कथा सुनेर, पढेर राष्ट्रभक्ति देखेर गौरवान्वित भएका छौं, त्यसैगरी हाम्रा सन्ततिहरूले पनि गौरव गर्न पाउँछन् कि पाउँदैनन् ? कतै हामीले त्यो विरासत गुमाएका त छैनौं ? एकपटक सोच्नुपर्ने देखिएन र ? हाम्रो इतिहास हामीले जोगाएका छौं कि छैनौं ?

वि.सं. २०४६ सालको आन्दोलनको जगमा बनेको संविधान २०४७ लाई मासेर थप सुन्दरता र समृद्धिको पक्ष हामीले के पायौं ? उक्त संविधानलाई विस्थापित गर्ने काम पनि उसैले गऱ्यो । जसले उक्त संविधान निर्माण गरेको थियो । नयाँ संविधान निर्माण गऱ्यौं भनेर गौरव गर्दै गर्दा हामी कसको लगाममा बाँधिएका छौं भन्ने पनि हेक्का रहेकै होला नि हाम्रा नेताहरूलाई ! के यही हो, हाम्रो गौरवमय इतिहास ? अर्थात् यिनै दलीय नेताको दिमागको उपज होइन र आजको यो देशको दुर्दशा ? जमिन बाँझो, जनता विदेशमा । अब त आफूलाई फलानो पार्टीको मानिस भन्नेहरूले सोच्नु पर्ने होइन र ?

आकाशमा उडेको हवाईजहाजले ल्याण्डिङ गर्ने समयमा ढलपल-ढलपल गरेजस्तै यो देशका नेताहरूले जनतालाई झुक्याउन र अल्मल्याउन, अपराधिहरूलाई लुकाउन राजनीतिमा पनि ढलपल, ढलपल गरिरहेका छन् । जनता सचेत भएर यिनीहरूको निगरानी गर्नुपर्ने बेला आएको छ । किन हामीलाई हाम्रो मानिस सधैं धोका दिन्छ ? किन हामीलाई झुक्याएर हाम्रो भोट लिन्छ ? किन हामीले बेइमानीलाई चिन्न सकेनौं ? किन हामीले असल मान्छे छान्न सकेनौं ? बूढापाकाले बोलेको मैले सुनेको थिएँ- 'आफैं खाल्डोमा नपरेसम्म चेत नपाउने भनेको पशु हो । मानिसलेचाहिँ अरू कोही खाल्डोमा परेको देखेपछि होस पाउँछ, चेत खुल्छ ।' मानिसले अर्कोबाट पनि सिक्न सक्छ, इत्यादि कुराहरू गर्दथे । तर, आजको हाम्रो समाजमा त्यस्तो देखिंएन । बरू उल्टै आफैं पटक-पटक खाल्डोमा परिसक्दा पनि चेत खुलेन, होस भएन, आएन । यो के भएको होला ? अचम्म लाग्छ । हामी नेपालीको नेपालभित्र बस्दासम्म होस-चेत-विचार केही नखुल्ने, देशबाहिर विदेश गइसकेपछि भने होस खुल्ने मात्र होइन, मानिस स्वयं उतै हराउने कस्तो विडम्बना !

अर्बौं सम्पत्तिका मालिकहरूलाई सोध्न चाहन्छु । तपाईंहरूलाई थाहा छ, विदेशको समाज कस्तो छ ? धनी र गरिबहरूको भूमिका आफ्नो देशप्रति कस्तो रहन्छ ? तपाईं त धनी मानिस हो नि, विदेशका अध्यागमनका कर्मचारीहरूले तपाईंहरूलाई नेपाली नागरिकको हैसियतमा हेर्ने दृष्टिकोणको मूल्यांकन गर्नुभएकै होला ? के छ तपाईंहरूको अनुभव ? त्यही बेलाको पीडाले होला आजकल धनाढ्यहरू पनि कूटनीतिक पासपोर्ट लिएर यात्रा गर्ने योजना बनाएको ।

इतिहासले कहिल्यै नबिर्सने अर्को एउटा कुरा याद आयो । संसद् भवनकै अगाडि मन्त्रीकै सामनेमा एकजना उद्यमी यो देशको नागरिक युवकले आफ्ना अनगिन्ति पीडाहरू बोकेर आफ्नै भौतिक शरीरमाथि नै आगो लगाइदियो । त्यो दृश्यले यो देशका पाइलटहरू कसैको मन छोउन् । जबकि आज यो देशका लाखौं युवाहरू नैतिक, मानसिक, सामाजिक दृष्टिकोणबाट समेत प्रत्येक दिन आत्मदाहजस्तै पीडाको सिकार बनिराखेका छन् । त्यसतर्फ यहाँका जिम्मेवार नेतृत्वको ध्यान कसरी पुग्न सक्ला ? असम्भव ! प्रत्येक नागरिक आफू एक्लै पिल्सिएर भनिराखेको छ कि 'यो देशमा भविष्य छैन' वर्तमान नै सुखद् नभएपछि भविष्यप्रति के विश्वास ?

कति कमजोर रहेछ भाग्य, आफ्नै देशमा बस्न सकिनँ, मातृभूमिलाई आफ्नै भनेर खुसी मनले रम्न सकिनँ । यो देशको खेतबारी त्यसै खेर गयो, हाम्रा आफ्ना छोराछोरी विदेशीले लग्यो । इमान्दार हुनुको नतिजा चन्द्रलोकको यात्राजस्तो सुखद् हो भने बेइमानी हुनुको नतिजा परमाणु बमले देशै ध्वस्त पारेजस्तै फरक र विपरीत कुरा हुन् । खासगरी हाम्रो ध्यान यसतर्फ पुगेकै छैन ।

आफ्नो पेसा, व्यवसाय गरेर आनन्दले घरमा बसिरहेका नागरिक, विनाकारण अनायास पेसा घर सबै छाडेर भाग्नुपऱ्यो किन ? आफ्नो परिचय लुकाएर बाँच्नुपऱ्यो, किन ? थाहा पाए मारिदिन्छ कि भनेर डराउनुपऱ्यो । आफ्नो गाउँघर छाडेर लुक्नुपऱ्यो । जमिनदार भएर पनि सुकुम्बासी शरणार्थीको जस्तो जीवन जिउन पऱ्यो, के आजको नागरिकले त्यो सबै बिर्सेकै हो ? के त्यतिबेला देशमा एकतन्त्रीय अधिनायकवादी जार शासन थियो कि बालिग मताधिकारको आधारमा निर्वाचित पूर्ण प्रजातान्त्रिक सरकार थियो ? अब मैले यो प्रश्न आजका प्राथमिक स्कुलका बालबालिकाहरूलाई सोधूँ ? कि यसको जवाफ दिनसक्ने मानिस खोज्न म कहाँ जाउँ ? कोही हुनुहुन्छ, पाठक मित्रहरू मेरो जिज्ञासालाई बुझिदिने ?

तत्कालीन सरकारले हतियार खरिद गर्ने पैसासमेत दिएर, पूर्ण सुरक्षा घेराभित्र राखेर जंगल गएको नाटक गर्न, सिकाउनेहरूसँगै आज मन मुटु गाँसेर कहिले यता कहिले उता ढल्कीढल्की रमिता गर्नेहरूलाई अझैसम्म पनि नचिनेझैं गरिरहने र सत्यको रहस्योद्घाटन गर्न नसक्ने नेपाली युवा, राजनीतिज्ञहरूलाई म कुन शब्दले सम्बोधन गरौं ?

हामीले सहरको एक पाइला जमिन खरिद गर्नका लागि जिन्दगीभरिको मिहेनतको कमाई खन्याउनुको सट्टामा आफ्नै जन्मस्थान वरपरको विकास गर्न गराउन सकेको भए आज हामी कति धनी र सुखी हुने थियौं होला ? कल्पना गरौं र गल्ती सच्याउने कोसिस गर्ने हो कि ? हाम्रा सबै पाखाबारी बहुमूल्य घडेरी हुने थिए । देश पूरै दार्जीलिङजस्तो पर्यटकीय गन्तव्य हुने थियो । समथर उर्वर जमिनमा उत्पादित खाद्यान्नले हामी आत्मनिर्भर मात्र होइन, सबै क्षेत्रमा सबै नागरिकहरूको समान पहुँच पुग्ने थियो । 'देशको भूगोलको विकास गरिदिएको भए न त कोही पिछडिएको जनजाति, न त कोही दलित समुदाय भनेर आरक्षण दिनुपर्ने थियो । सबै नेपाली समान क्षमतावान समान गौरववान, समृद्ध समाज भइसक्ने थियो । यो देशलाई ग्राण्ड डिजाइनबाट गरिब बनाइराखिएको छ । यत्तिमात्रै हामीले कुरा बुझिदिए पुग्छ । आज विदेशमा पसिना बगाएका युवाहरूले हाम्रो आफ्नै खेतबारीमा काम गरिरहेका हुने थिए । पशुपालन र गोबरग्यासको पहुँच बढाइदिएको भए इन्धन आयातमा भएको खर्च पनि बच्ने थियो । हाम्रो एकजना युवा विदेश गएर कमाएको आम्दानी र उसको परिवार सहरमा भाडामा बसेर किनेर खाएको खर्चको तुलना गरेर हेर्नोस्, अनि त्यो परिवारबाट राज्यलाई कति फाइदा पुग्यो, त्यो पनि मूल्यांकन गर्नोस् । साथै, यस कुराको चौतर्फी प्रभावको हिसाब निकाल्न सक्ने विद्वान अर्थमन्त्रीज्यूहरूको गिदीको परीक्षण पनि गराउने हो कि ? हाम्रो वैदेशिक मुद्रा सबै महँगा गाडी खरिदमा खर्च भयो । यिनै नेताहरूका लागि यो पनि याद गरौं ।

अब हामीले गणतन्त्र ल्यायौं भनेर गौरव गर्ने हो कि विदेशीको दास बनेर लम्पसार बनेकोमा आत्मग्लानी गर्ने ? भन्नोस् मेरा नेताज्यूहरू कस्तो इतिहास लेखौं मैले ? नेपाली समाज यसको जवाफ चाहन्छ । जय मातृभूमि !

## पत्र-मञ्जुषा

### राजस्वमा व्यवसायीको बेइमानी !

काठमाडौं उपत्यकालगायत मुलुकभर सञ्चालित अधिकांश व्यापार व्यवसाय अझै पनि दर्ताविनै सञ्चालन गरिएको पाइन्छ । एकातिर व्यापारीहरूले राज्यलाई राजस्व छलिरहेका छन् भने अर्कातिर उपभोक्तालाई १०० रूपैयाँ पर्ने सामान ३०० रूपैयाँमा बेचिरहेका छन् ।

काठमाडौंको महाबौद्ध, इन्द्रचोक, न्युरोड आदिलगायतका व्यापारीहरूले अहिले चोरीपैठारी गरेर वा भन्सार छलेर सामान आयात गर्ने गरेका छन् । उता त्यो सामान बिक्रीवितरण गरेपछि पनि राज्यलाई राजस्व छल्छन् ।

अहिले काठमाडौं उपत्यकाका व्यापारीहरूले दिउँसो समातिन्छ भनेर राति सामान आयात गर्ने गरेका छन् । यता त्यो सामान बाहिर कतै पठाउनु परेमा पनि निजी प्लेटको सवारीसाधनमा बिहान वा राति पठाउने गरेको पाइन्छ ।

व्यापारीहरूले भ्याट बिल पनि नदिने र नक्कली बिल बनाएर राज्यलाई तिर्नुपर्ने राजस्व छलिरहेका छन् । यसरी व्यापार गर्दा लगानी गरेको रकम र दिनहुँ आम्दानी गरेको रकमको पनि राज्यलाई राजस्व नतिर्ने प्रवृत्ति चलिरहेकै छ ।

एउटा पसलमा कम्तीमा २० लाखदेखि करोड रूपैयाँसम्मको लगानी छ । उता दिनहुँ ५० हजारदेखि लाख रूपैयाँसम्मको व्यापार गरिन्छ । अहिले राज्य राजस्व लक्ष्यअनुसार नउठेर समस्यामा परेको छ । उपभोक्ता महँगो मूल्य तिरेर सामान खरिद गर्न बाध्य छन् ।

व्यापारीहरूले यसरी राज्यलाई तिर्नुपर्ने राजस्व छल्दा र उपभोक्तालाई ठग्दा पनि सरकार कानमा तेल हालेर बसिरहेको छ । व्यवसायीहरूले राज्यलाई राजस्व छलेर वा उपभोक्तालाई महँगोमा सामान बेचेर कमाएको सम्पत्ति न सम्पत्ति शुद्धीकरण विभागले छानविन गर्छ न अख्तियार दुरूपयोग अनुसन्धान आयोगले ।

अहिले बजारमा उद्योग व्यवसायी वा व्यापारीहरू भन्छन्, 'राजनीतिक दलको नेताहरू त हाम्रो इसारामा चल्छन् ।' राजनीतिक दलका नेताहरू चुनावमा आफुहरूसँग रकम माग्न आइपुग्ने र चुनाव जितेपछि आफूले जे भन्यो त्यही हुने उनीहरूको भनाइ छ ।

एउटा उदाहरण नै भन्नुपर्दा पछिल्लो समय सबैभन्दा बढी ठगी गर्ने भनेको उद्योग व्यवसायीले हो । तर, माथिल्लो सदनबाट निजी क्षेत्रको सम्पत्ति अख्तियारले छानबिन गर्न पाउने भनेर पारित हुँदा पनि व्यवसायीहरूको दबाबमा अहिले सरकार त्यसबाट पछि हटेको छ ।

यदि अख्तियारले निजी क्षेत्रको सम्पत्ति छानबिन गर्न पाउने हो भने अहिलेका उद्योग व्यवसायी र बैंक तथा वित्तिय संस्थाका अध्यक्ष, सञ्चालक र कर्मचारी जेलमा हुने छन् । तर, आफू जेल पाउनुपर्ने अवस्था सिर्जना भएपछि उनीहरू राजनीतिक दलकहाँ धाउन थालेका छन् ।

जसले गर्दा अहिले सदनबाट त्यो विधेयक पारित हुनमा रोक लगाइएको छ । पछिल्लो समय नेपालमा जनतालाई सेवा दिने नाममा व्यापार व्यवसायको नाममा विभिन्न संघसंस्था खोलेर राज्यलाई राजस्व छल्ने र जनतालाई ठग्ने काम भइरहेको छ ।

विगत केही समययता उद्योग व्यवसायीहरू राजनीतिक दलसँग निकट हुँदै आएका छन् । अनि जनतादेखि राज्यसम्मलाई ठग्छन् । सरकारी कर्मचारीले ५०० रूपैयाँ घूस खाएमा अख्तियारले समात्छ । तर, बैंक तथा वित्तिय संस्थाका अध्यक्ष, सञ्चालक तथा कर्मचारीले एक करोड रूपैयाँ कर्जा लिँदा १८ लाख त घूस नै पचाउँछन् ।

त्यस्तै, १८ प्रतिशतदेखि ४८ प्रतिशत ब्याज र दुई प्रतिशत सेवा शुल्क छुट्टै छ । विभिन्न बैंक तथा संघ संस्थाको अध्यक्ष हुँदै जनताले राखेको बचतमा मोजमस्ती गर्दै छन् व्यवसायीहरू । यसरी राज्य र जनतालाई ठग्ने व्यापारीहरूलाई कारबाहीको दायरामा ल्याउन नसक्नु सरकारको कमजोरी हो । जुन कमजोरीले राज्यले अर्बौं राजस्व गुमाइरहेको छ । जनताले महँगीको भारी बोक्नुपरेको छ ।

व्यवसायीहरूले राजनीतिक अस्थिरताको फाइदा लिइरहेका छन् । सरकार स्थिर नहुँदा नीति नियम कार्यान्वयनमा समस्या हुने गर्दछ । एउटा सरकारले ल्याएको नीति अर्को सरकार आउनेबित्तिकै परिवर्तन हुने गरेको छ । नयाँ सरकार आउनसाथ व्यवसायीहरू आफ्नो पक्षमा ऐन कानुन बनाउन र आफूलाई समस्यामा पार्ने कानुनहरू संशोधन गराउन लबिइङमा लागि हाल्छन् ।

यसरी राज्यमा चलिरहेको गलत प्रवृत्तिको असर अर्थतन्त्रमा परेको छ । राज्यको आम्दानीको प्रमुख स्रोत नै राजस्व हो । त्यही मुख्य स्रोत नै सुकेपछि सरकारी ढुकुटीमा कहाँबाट पैसा जम्मा हुन्छ ? अनि विकास निर्माणदेखि अन्य खर्च कसरी धान्ने ? यो गम्भीर विषयमा सरकार र सरोकारवाला सबैको ध्यान जान जरुरी छ । किनभने, राज्यको अर्थतन्त्र समस्यामा पर्दा सरकारलाई मात्र होइन सम्पूर्ण देशवासीलाई समस्या पर्ने हो । यस्तो विषयमा कसैले खेलवाड गर्नुहुन्न । खेलवाड नगरियोस् ।

*- **श्याम खत्री**, सामाखुसी*

**पत्र–मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online



**शालग्राम र भक्तजनहरू**

**मुस्ताङको कागबेनीमा शालग्राम खरिद गर्दै भक्तजन । विष्णु भगवानको साक्षत स्वरूप मनिने शालग्राम नेपालको कालिगण्डकी** नदीमा मात्र पाइन्छ । *तस्बिरः अर्चना झा/रासस*

# निर्वाचनका लागि पूर्वी सीमानाका बन्द

**झापा (प्रस)–** झापा र इलाम जिल्लासँग जोडिएका काँकडभिट्टालगायतका सीमानाका मंगलबार साँझ ६ बजेदेखि ७२ घण्टाका लागि बन्द गरिएका छन् । भारतमा यही वैशाख १४ गते हुने दोस्रो चरणको लोकसभा निर्वाचनका लागि भारतीय आग्रहमा नेपाली नाका बन्द गरिएका हुन् । बन्द अवधिमा सर्वसाधारण र सवारी साधनको आवतजावत निषेध हुने स्थानीय प्रशासनले जनाएको छ ।

झापाका प्रमुख जिल्ला अधिकारी बन्धुप्रसाद बाँस्तोलाले काँकडभिट्टा, भद्रपुर, टाघनडुब्बा र गौरीगञ्ज नाका उक्त अवधिमा बन्द रहने जानकारी दिए । मंगलबार साँझ ६ बजे बन्द भएका ती नाका वैशाख १४ गते साँझ ६ बजे खुल्ने भएका छन् ।

भारतमा लोकसभाको दोस्रो चरणको निर्वाचन पश्चिम बंगालको दार्जीलिङ र विहारको किसनगञ्ज जिल्लामा यही वैशाख १४ गते एकैदिन हुँदै छ । भारतका दुवै जिल्ला झापासँग सीमा जोडिएका छन् । उक्त अवधिमा नाकाबाट अति जरुरीबाहेक सर्वसाधारण र सवारी साधनको आउजाउ पूर्णतया बन्द हुने प्रमुख जिल्ला अधिकारी बाँस्तोलाले बताए । उनले मतदानबाहेकका दिनमा अत्यावश्यक एम्बुलेन्स र हवाई सेवा प्रयोगकर्तालाई भने छुट दिइने जानकारी दिए ।

खुला सीमाका कारण चुनावका बेला सुरक्षा चुनौती बढ्न सक्ने भएकाले भारतीय सुरक्षा निकायको आग्रहमा सीमानाका बन्द गर्ने विगतदेखिकै प्रचलन रहेको प्रजिअ बाँस्तोलाले बताए । नेपालमा चुनाव हुँदासमेत भारतीय पक्षले उसको सीमानाका बन्द गर्ने गरेको उनले बताए । चुनाव लक्षित नाका बन्दका बेला सीमाको दशगजा क्षेत्रमा दुवै देशका सुरक्षाकर्मीले संयुक्त गस्ती गर्ने जनाएका छन् ।

भारतको दार्जीलिङ जिल्लासँग झापासँगै इलामको समेत सीमाले छोएको छ । उक्त अवधिमा इलामको पशुपतिनगर र मानेभञ्ज्याङ नाका बन्द गरिने बताइएको छ । भारतीय सञ्चार माध्यमका अनुसार भारतको पश्चिम बंगालको दार्जीलिङ, रायगञ्ज र बलुरघाट निर्वाचन क्षेत्रमा वैशाख १४ गते मतदान हुने छ । सोही दिन विहार प्रान्तको किसनगञ्ज, पूर्णिया, कटिहार, भागलपुर र बांका निर्वाचन क्षेत्रमा मतदान हुने छ ।

# शुक्लाफाँटामा बाघ बढे

कञ्चनपुर- महेन्द्रनगरस्थित शुक्लाफाँटा राष्ट्रिय निकुञ्जमा पाटेबाघको संख्या बढेको छ । दश वर्षअघि १३ वटा बाघ रहेकामा अहिले बढेरर ४४ पुगेको छ ।

निकुञ्जका अनुसार सन् २०१८ मा १६, २०२१ मा १९ वटा बाघ थिए भने २०२२ मा त्यो बढेर ३६ पुगेको थियो । निकुञ्जमा क्यामरा ट्र्यापिङ विधिबाट गरिएको गणनाअनुसार २४ वटा भाले र १७ वटा पोथी तथा विश्लेषणका आधारमा थप तीन गरेर बाघको संख्या ४४ पुगेको हो । गत मंसिरदेखि ९१ वटा क्यामरा ट्र्यापिङबाट गरिएको अनुगमनमा बाघको संख्या बढेर ४४ पुगेको निकुञ्जका प्रमुख संरक्षण अधिकृत प्रमोद भट्टराईले जानकारी दिए ।

'यहाँ बाघका लागि खाना र बासस्थानको राम्रो वातावरण भएकाले थोरै क्षेत्रफलमा पनि धेरै बाघ छन्,' प्रमुख संरक्षण अधिकृत भट्टराईले भने, 'यहाँ चोरीसिकारी पनि छैन त्यसकारण बाघको संख्या बढ्दै गएको छ ।' शुक्लाफाँटाभित्र रहेका ठूलो घाँसेमैदान, चौधर नदी, रानीताल र सिकारी तालजस्ता तालतलैया र प्रशस्त आहाराका लागि प्रजाति बढेसँगै बाघको संख्या पनि बढेको उनले बताए ।



शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज पर्यटनको प्रमुख केन्द्र बन्नसक्ने भए पनि पर्याप्त प्रचारप्रसार नहुँदा यसबाट लाभ लिन नसकिएको यहाँका पर्यटन व्यवसायी जगदीश भट्ट बताउँछन् । 'शुक्लाफाँटा पाटेबाघका लागि प्रख्यात छ तर यहाँ बाह्य पर्यटक आएका छैनन्,' उनले भने ।

कञ्चनपुर उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष दिनेश मल्लले शुक्लाफाँटा पर्यटकका लागि उपयुक्त गन्तव्य भएकाले यसको प्रचारप्रसार गर्नसके यहाँको आर्थिक विकास टेवा पुग्ने बताए । शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज पाटेबाघ, बाह्रसिंगे र गैँडालगायतका दुर्लभ वन्यजन्तुका लागि प्रसिद्ध भए पनि प्रचारप्रसारको अभावमा पर्यटक आगमनमा वृद्धि नभएको यहाँका पर्यटन व्यवसायी बताउँछन् । *रासस*

# बन्दीपुरको सौन्दर्यता र मौलिकता कायम राख्न आग्रह

**तनहुँ (प्रस)–** तनहुँको बन्दीपुर पर्यटन बोर्डले पहाडकी रानी उपनामले परिचित बन्दीपुर बजारको सौन्दर्यता र मौलिकतालाई कायम राख्न आग्रह गरेको छ । बन्दीपुरको पर्यटन प्रवर्द्धनका निमित्त गठित बोर्डले मुख्य बजार क्षेत्रको सौन्दर्यता र मौलिकता कायम राख्न व्यवसायीलाई आग्रह गरेको हो ।

बोर्डका अध्यक्ष एवं गाउँपालिकाका अध्यक्ष सुरेन्द्र थापाले बन्दीपुरको सुन्दरता अवलोकनका लागि देश तथा विदेशबाट पर्यटक आउने गरेकाले यसको मौलिकता कायमै राख्नुपर्ने बताए । उनले भने, 'बन्दीपुर मौलिकताको सहर हो । यहाँ रहेका भक्तपुरे शैलीका घरहरू, संस्कृति अवलोकनका लागि स्वदेशी तथा विदेशी पर्यटक आउँछन् । यसका लागि सबै व्यवसायीको साथ आवश्यक छ ।'

बोर्डले ऐतिहासिक बन्दीपुर बजारमा रहेका घरमा भएका बाहिरी गल्ली (करिडोर) खुला राख्न आग्रह गरेको थापाको भनाइ छ । बोर्डले सम्बन्धित व्यवसायीहरूले पसल बाहिर सामग्री राखी बिक्रीवितरण नगर्न, प्रत्येक व्यापारी तथा होटल रेस्टुरेन्ट सञ्चालकले मूल्यसूची ग्राहकले देख्ने ठाउँमा अनिवार्य राख्न, बजार क्षेत्रका व्यापारिक प्रयोजनका लागि राखिने फ्लेक्स बोर्डहरू ३० दिनभित्र हटाई काठ वा हस्तलिखित बोर्ड राख्न आग्रह गरेको छ ।

सदरमुकाम दमौलीबाट १८ किलोमिटर डुम्रे हुँदै आठ किलोमिटरको उकालो यात्रा तय गरेपछि बन्दीपुर पुगिन्छ । जहाँबाट मनोरम हिमशृंखला, पहाड, टाकुरा अवलोकन गर्न सकिन्छ । प्राकृतिक सुन्दरता बोकेको बन्दीपुरबाट अन्नपूर्ण, माछापुच्छ्रे, धौलागिरिलगायतका हिमशृंखला देखिने भएकाले यहाँ पुग्ने जो कसैको मन लोभिने गर्दछ । बन्दीपुरमा होटल संघसँग आबद्ध सानाठूला गरी ७७ होटल सञ्चालनमा छन् । बन्दीपुरमा ग्रिनपार्क, होटल दरबार हिमालय फेवा, गामघर, बोल्डइन, बन्दीपुर माउन्टेन रिसोर्ट, बन्दीपुर प्यालेस, मगर भिलेजलगायत होटल सञ्चालनमा छ ।

बन्दीपुर घुम्न आउने पर्यटकलाई पर्यटकीय गन्तव्यसम्म सहज पहुँच स्थापना गर्न बन्दीपुर गाउँपालिकाले १७ पर्यटकीय गन्तव्यको सूची सात भाषामा तयार गरेपछि पर्यटकलाई थप सहज भएको छ । गाउँपालिकाका अध्यक्ष थापाका अनुसार गन्तव्यबारे जानकारी नेपाली, अंग्रेजी, चाइनिज, जापानिज, कोरियन, फ्रेन्चलगायतका भाषामा तयार पारिएको छ ।

बन्दीपुरको थानीमाई मन्दिर, मणि मुकुन्देश्वरी पर्खाल (मिनी ग्रेटवाल), बिन्ध्यवासिनी मन्दिर, पद्य पुस्तकालय, पातलेद्वार गुफा, पहाड पानी, सहिद स्मारक पार्कलगायतका १७ पर्यटकीय गन्तव्यको सूचना फरकफरक भाषामा तयार भएको छ ।


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : CROSSROADS TRANSPORTATION CORPORATION

पुर्व स्वीकृति मिति २०८१/०१/११ | LT. No. 300495 | चलानी नं. ६०२१५३७१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Car Mechanic | 1 | 0 | 1500 | ५३,२९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ वैशाख १९ गते (1st May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १८५/०५७/०५८

**Kapeel Manpower Pvt. Ltd.**
P.O. Box: 8975, Kupandole, Lalitpur, Nepal
Tel: 01-5451901, Fax: 977-1-5542407
Mobile: 9851324457, 9823299605 E-mail: kapeelmanpowerpvtltd@gmail.com
Website: www.kapeelmanpower.com.np

## मलेशियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : AURA SECURITY SERVICE SDN BHD

पुर्व स्वीकृति मिति २०८१/०१/१० | LT. No. 303687 | चलानी नं.६०२१८४९५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 28 | 0 | 1500 | ४२,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ वैशाख १९ गते (1st May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ०८/०४२/४३

**Himalayan Manpower Service Pvt. Ltd.**
Sanepa-1, Lalitpur, Phone: +977-1-015183325, 015183326,5183327, 9809690214
9863191056, 9818224732, E-mail: hmanpowerservicepltd@yahoo.com

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : HONG LUXURY MEN''S HEALTH INSTITUTE COMPANY

पुर्व स्वीकृति मिति २०८१/०१/१० | LT No :303677 | चलानी नं. ६०२१८४९६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Barber/hair Stylist | 4 | 0 | 150 | ६४,८७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ वैशाख १९ गते (1st May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

OMEGA INTERNATIONAL
Govt. License No. 1352/074/075

**Omega International Pvt. Ltd.**
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337
E-mail : info@omeganepal.com,Website : www.omeganepal.com

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी :CITIZEN CONTRACTING CLEANING AND SERVICES

पुर्व स्वीकृति मिति २०८०/०२/२० | पुन विज्ञापन स्वीकृति मिति २०८१/०१/११ | LT. No. 287123 | चलानी नं. ६०२०२५१७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Accountant | 0 | 1 | 4500 | १६४,७७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Data Analyzer | 5 | 0 | 2700 | ९८,००० | | | | | | | |
| 3 | Data Entry | 12 | 0 | 2700 | ९८,००० | | | | | | | |
| 4 | Driver | 5 | 0 | 2200 | ७९,८४० | | | | | | | |
| 5 | Foreman | 7 | 0 | 2500 | ९०,७३० | | | | | | | |
| 6 | General Clean Worker | 1 | 0 | 1000 | ३६,३०० | | | | | | | |
| 7 | Guard | 1 | 0 | 1800 | ६५,३१५ | | | | | | | |
| 8 | Labour | 30 | 0 | 1000 | ३६,३०० | | | | | | | |
| 9 | Marketing Representative | 0 | 1 | 4000 | १४५,१६५ | | | | | | | |
| 10 | Receptionist | 1 | 2 | 1700 | ६१,६९५ | | | | | | | |
| 11 | Representative | 2 | 0 | 2500 | ९०,७३० | | | | | | | |
| 12 | Supervisior | 8 | 0 | 2500 | ९०,७३० | | | | | | | |

कम्पनी : HAYAT AL DEEP TRADING CONTRACTING AND SERVICES

पुर्व स्वीकृति मिति २०८०/१२/०६ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०१/११ | LT. No. 301902 | चलानी नं. ६०२१६८००

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Accountant/auditor | 1 | 0 | 4500 | १६४,७७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Brick Mason | 3 | 0 | 1200 | ४३,९४० | | | | | | | |
| 3 | Carpenter | 2 | 0 | 1200 | ४३,९४० | | | | | | | |
| 4 | Foreman | 2 | 0 | 2500 | ९०,७३० | | | | | | | |
| 5 | General Clean Worker | 13 | 0 | 1000 | ३६,६१५ | | | | | | | |
| 6 | Labour | 10 | 0 | 1000 | ३६,३०० | | | | | | | |
| 7 | Labour Services | 2 | 0 | 1000 | ३६,३०० | | | | | | | |
| 8 | Plumber | 2 | 0 | 1200 | ४३,९४० | | | | | | | |
| 9 | Sales Superviser | 1 | 0 | 2500 | ९०,७३० | | | | | | | |

कम्पनी :CITIZEN CONTRACTING CLEANING AND SERVICES

पुर्व स्वीकृति मिति २०८०/०५/१३ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०१/११ | LT. No. 291780 | चलानी नं. ६०२०७०३७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Business Executive | 11 | 0 | 2500 | ९०,७३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Data Analyzer | 1 | 0 | 4000 | १४५,४८० | | | | | | | |
| 3 | Data Entry | 9 | 22 | 1000 | ३६,३०० | | | | | | | |
| 4 | Foreman | 3 | 0 | 3000 | २१६,०५० | | | | | | | |
| 5 | General Clean Worker | 0 | 4 | 2500 | ९०,७३० | | | | | | | |
| 6 | Labour | 1 | 0 | 6000 | २१८,२२१ | | | | | | | |
| 7 | Manager Variety | 2 | 0 | 2000 | ७२,७४० | | | | | | | |
| 8 | Marketing Represent | 8 | 0 | 1000 | ३६,३०० | | | | | | | |
| 9 | Painter | 4 | 0 | 2500 | ९०,७३० | | | | | | | |
| 10 | Representative | 3 | 0 | 2000 | ९०,७३० | | | | | | | |
| 11 | Sales Supervisor | 4 | 0 | 1200 | ४३,९४० | | | | | | | |
| 12 | Salesman | 1 | 0 | 3500 | १२७,२९५ | | | | | | | |
| 13 | Supervisior | 0 | 2 | 1500 | ५४,५५५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ वैशाख १९ गते (1st May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**JALAJALA RECRUITMENT PVT.LTD**
श्रम ईजाजत नं. १२२४/०७४/०७५
Samakhusi-29, Kathmandu, BAGMATI. Tel: 014950900, 014950257
E-mail: jalajalarecru2017@gmail.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SUPPORT LINES CORPORATION FOR GENERAL CONTRACTING

पुर्व स्वीकृति मिति २०८१/०१/१० | LT. No. 303624 | चलानी नं. ६०२१८५१६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Spray Coating Agent | 4 | 0 | 1300 | ४६,१९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ वैशाख १९ गते (1st May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**GULF MANAGEMENT INTERNATIONAL PVT.LTD**
श्रम ईजाजत नं. ७८८/०६५/०६६
P.O.Box :- 10440, Tokha-9, Gongabu, Kathmandu, Nepal,
Tel. :- +977-1-5906493, 4970134, Mobile: 9851231432, 9849205504
E-mail :- gulfmanagementinter@gmail.com, Web Site :-www.gulfmmi.com

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : RITZ COFFEE LOUNGE RESTAURANT & CAFE CO

पुर्व स्वीकृति मिति २०८१/०१/१० | LT. No.303696 | चलानी नं.६०२१८५२०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waiter/Waitress | 8 | 3 | 140 | ६०,५४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : NATIONAL UNION PLASTIC & PAPER FACTORY

पुर्व स्वीकृति मिति २०८१/०१/१० | LT. No.303695 | चलानी नं.६०२१८५१५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper/worker | 17 | 0 | 100 | ४३,२५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ वैशाख १९ गते (1st May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः निःशुल्क कामदार आफैंले | सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Green Tara International Overseas Services Pvt. Ltd.**
श्रम ईजाजत नं. १०१८/०६८/०६९
Damodar Marga,Jawalakhel, Lalitpur, Tel: +977-015442013/14
Email: greentara.overseas@gmail.com, Website : www.greentaraintl.com

प्रभाव दैनिक

बुधबार १२, वैशाख २०८१ (Wednesday, April 24, 2024)

रूपशाला

## 'नमेटिने घाउ' मा ओलीको अभिनय

नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली रमित ढुंगाना निर्देशित चलचित्र 'नमेटिने घाउ' मा अभिनय गरेका छन् । मंगलबार ओलीले फिल्ममा प्रधानमन्त्रीको भूमिकामा अभिनय गरेका हुन् । एमालेको पार्टी कार्यालय च्यासलमा भएको छायांकनमा ओलीले प्रधानमन्त्रीको भूमिकामा अभिनय गरेका छन् । एसिडपीडितको बारेमा बनाइदै गरेको यस फिल्ममा यस अघि नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल र राष्ट्रिय प्रजातन्त्र पार्टीका सांसद ज्ञानेन्द्र शाहीले पनि अभिनय गरेका थिए ।



# 'यौटा सपनाको अवसान'को लिरिकल भिडियो सार्वजनिक

■ प्रभाव संवाददाता



**काठमाडौं–** नयाँ वर्षबाट कान्तिपुर सिनेमाजबाट प्रसारण भएको वेबप्ले सिरिज 'यौटा सपनाको अवसान'को लिरिकल भिडियो सार्वजनिक भएको छ । 'आऊ हजुर आऊ' बोलको सार्वजनिक गीतमा न्ह्यू बज्राचार्यको संगीत, विप्लल प्रतीकको शब्द र शारदा अधिकारीको स्वर रहेको छ । लिरिकल भिडियोमा मञ्चनको समयका विशेष मुद्रालाई समावेश गरिएको छ। 'यौटा सपनाको अवसान' नाटकलाई सिरिजको रूप्मा रूपन्तरण गरिएको सिर्जना हो।

गायिका शारदा अधिकारीले गीतले आफ्ना धेरैवटा सपना एकसाथ पूरा गरेको बताएकी छिन् । डोरेमी संगीत पाठशालाबाट गायनको प्रशिक्षण लिएकी शारदा ११ वर्षदेखि थिएटरमा सक्रिय छिन् । उनले यो गीतले आफ्नो ११ वर्षदेखिको सपना पूरा गरेको बताइन् ।

'न्ह्यू बज्राचार्य संगीत र अनुप बराल मेरो नाटकको गुरु हुनुहुन्छ । यो गीतले दुवै गुरुसँग काम गर्ने अवसर जुराएको थियो । त्यसैले यो गीत मेरा लागि एकदमै विशेष छ ,' उनले भनिन्, ' गीत रेकर्डिङको समयमा सक्दिन कि भनेर थोरै नर्भस पनि भएकी थिएँ । तर न्ह्यू सरको ढाडसले अप्ठेरो नै चाहिँ भएन ।' शारदाले नाटकमा अभिनय पनि गरेकी छिन् ।

नाटक गत वर्ष चैत्र १० देखि वैशाख १३ सम्म मण्डला नाटक घरमा मञ्चन भएको थियो । निर्माण कम्पनी गोविन प्रोडक्सन र पौराणिक पिक्चर्सले नाटकघरको मञ्चन छुटाएका दर्शकलाई लक्षित गर्दै नाटकलाई नयाँ स्वरूप्मा पस्किएको जानकारी गराएको हो ।

निर्माता गोविन्द पराजुलीले नाटकलाई नयाँ दर्शकमाझ लैजाने प्रयास स्वरूप 'यौटा सपनाको अवसान'लाई ओटिटीमा रिलिज गरिएको बताएका छन् । सिरिजले ओटिटीमा उत्साहजनक दर्शक पाइरहेको उनको दाबी छ ।

वरिष्ठ नाटय निर्देशक अनुप बरालले निर्देशन गरेको यस नाटकले आर्थिक मन्दीमा फसेको एक परिवारको कथा प्रस्तुत गर्छ ।

१ महिनासम्म चलेर ६ हजार दर्शकले प्रत्यक्ष हेरेको यस नाटकमा दिया मास्के, दिव्यदेव, मेनुका प्रधान, रोय, विकाश जोशी, शेखर चापागाईंको मुख्य अभिनय रहेको छ । नाटकमा न्हयु बर्जाचार्यको संगीत संयोजन, विप्लव प्रतिकको ट्रान्सक्रियसन र गीत रहेका छन् । सिरिज कान्तिपुर सिनेमाजमा ७ भागमा उपलब्ध छ । नाटकलाई सिरिजको रूप्मा प्रस्तुत गरेर एउटा प्रयोग गर्न लागेको र यसले राम्रो नाटकलाई डिजिटल्ली जोगाएर राख्ने प्रयासले पनि सार्थकता पाएको निर्माता पराजुली बताउँछन् । कालान्तरमा यसले नाटकको डिजिटल बजार निर्माणमा पनि ठोस सुरुवात गर्ने उनको अपेक्षा छ ।

# सौगातको फिल्म 'भाइरल गोर्खे' को छायांकन सुरु

■ प्रभाव संवाददाता



**काठमाडौं–** फिल्म 'भाइरल गोर्खे'को छायांकन लमजुङबाट सुरु गरिएको छ । मंगलबार लमजुङस्थित भुजुङ गाउँमा क्यामेरा, स्क्रिप्ट र क्ल्याप पूजा गर्दै दृश्य खिच्न सुरु गरिएको हो ।

फिल्मका लागि पहिलो दृश्य अभिनेता सौगात मल्लले दिएका छन् । एक महिनाको छायांकन तालिका राखिएको फिल्म सामाजिक सञ्जालमा भाइरल हुन जेसुकै गर्ने पात्रको कथामा फिल्म बन्ने बताइएको छ ।

'छड्के' निर्देशक निगम श्रेष्ठले निर्देशन गर्ने यस फिल्ममा विशाल ताम्राकार र महेश लामिछानेको संयुक्त निर्माण रहेको छ। फिल्ममा सौगात मल्ल र सृष्टि श्रेष्ठसहित लक्ष्मी गिरी, सृष्टि श्रेष्ठ, बुद्धि तामाङ लगायतको पनि अभिनय रहनेछ । द जिएमआई एकेडेमी र निर्भना फिल्म स्कुलको निर्माण रहने फिल्मको छायांकन गोरखा र चितवनमा पनि गरिनेछ ।

# 'आफूले चाहेको काम गर्न सक्छिन्'

**काठमाडौं (प्रस)–** बलिउड अभिनेता चंकी पाण्डेले आफ्नी छोरी अनन्या पाण्डेको व्यक्तिगत जीवनको बारेमा कुरा गरेका छन् । एक अन्तर्वार्तामा चंकीले आफ्नी २५ वर्षीया छोरीलाई आफूले नियन्त्रणमा नराख्ने र आफ्नो निर्णय आफैले लिन दिने बताएका छन् ।

चंकीले अनन्याको बलिउडमा आफैंले ठाउँ बनाएकोमा प्रशंसा गरेका छन् । एक अन्तर्वार्तामा चंकीलाई आदित्य रोय कपुरसँग अनन्याको सम्बन्धबारे प्रश्न सोधिएको थियो । यसबारे उनले भने, 'मलाई यसमा कुनै समस्या छैन । अनन्या २५ वर्षकी भइन् र मभन्दा धेरै पैसा कमाइरहेकी छिन् । उनीह्रू जे चाहन्छन् गर्न सक्छन् । २५ वर्षकी छोरीलाई केही भन्न म कसरी हिम्मत गर्न सक्छु ।

चंकीलाई अनन्याले फिल्ममा इन्टिमेट सीन गर्नमा कुनै समस्या छैन । उनले भने- 'म यससँग ठीक छु । हलिउड फिल्ममा पनि यस्ता दृश्य देखेको छु । यसमा कुनै हानि छैन र हामीले यसलाई स्वीकार गर्नुपर्छ ।' चंकीलाई छोरीहरूले सल्लाह माग्छन् कि भनेर सोध्दा उनले भने, 'मेरा दुवै छोरी आमा भावनासँग नजिक छन् । जब उसलाई केहि चाहिन्छ उसले मलाई कल गर्छ। उनीहरूलाई मेरो सल्लाहको आवश्यकता पर्दा म उपलब्ध छु ।'

वर्कफ्रन्टको कुरा गर्ने हो भने, अनन्याले २०१६ मा फिल्म 'स्टुडेन्ट अफ द इयर २' बाट बलिउडमा डेब्यु गरेकी थिइन्, गत वर्ष उनी 'ड्रिमगर्ल-२' र 'खो गए हम कहाँ' जस्ता फिल्ममा देखिएकी थिइन् । अहिले उनी ' कन्ट्रोल' र 'शंकरा' जस्ता फिल्मको सुटिङमा व्यस्त छिन् ।

लभ लाइफको कुरा गर्ने हो भने, अनन्या आजकाल आदित्य रोय कपूरलाई डेट गरिरहेकी छिन् । दुवैले अहिलेसम्म आफ्नो सम्बन्धलाई औपचारिक रूप्मा सार्वजनिक नगरे पनि धेरै अवसरमा सँगै देखिएका छन् । अनन्याले पनि गत वर्ष आदित्य रोय कपुरसँग माल्दिभ्समा आफ्नो जन्मदिन मनाएकी थिइन् ।



## सूर्य नेपाल काठमाडौं ओपन

# पहिलो दिन भुवन शीर्षस्थानमा




■ प्रभाव संवाददाता

**काठमाडौं –** सूर्य नेपाल गल्फ टुर २०२३-२४ अन्तर्गतको सातौं प्रतियोगिता, सूर्य नेपाल काठमाडौं ओपनको पहिलो दिन इभन-पार ६८ को स्कोरमा भुवन नगरकोटी शीर्षस्थानमा रहेका छन् ।

उनले रवि खड्का, भुवन कुमार रोक्का र निरज तामाङलाई एक स्ट्रोकले पछि पारेका छन। रवि, भुवन र निरजले भने पहिलो दिनको खेल १-ओभर ६९ मा सकाउँदै संयुक्तरूप्मा दोस्रो स्थान बाँडे। २-ओभर ७० को नतिजामा पुर्ण प्रसाद शर्मा, धन बहादुर थापा, जयराम श्रेष्ठ, सञ्जय लामा र दिनेश प्रजापतिले संयुक्तरूप्मा पाँचौं स्थान बाँडे। पशुपति शर्मा ३-ओभर ७१ को स्कोरमा दशौं स्थानमा रहेका छन् ।

पहिलो दिन शीर्षस्थानमा रहेका भुवन नगरकोटीले फ्रन्ट नाइन २-ओभर ३६ मा सकाए। दिनको सुरूवात बर्डीबाट गरे। पहिलो होलमा बोगी प्रहार गरेपनि दोस्रो, तेस्रो र नवौं होलमा बर्डीको सामना गरे। ब्याक नाइनमा भने उनी सम्हालिए। १०औं, ११ औं र १५औं होलमा एक-एक सट बचाए भने १७औं होलको बोगीले ब्याक नाइन २-अन्डर ३२ मा पुरा गरे। इभन-पार ६८ नै पहिलो दिनको उत्कृष्ट स्कोर कार्ड बन्यो । रविले सुरूवात खराब गरे। दोस्रो, तेस्रो, सातौं र नवौं होलमा बोगी खेल्दै फ्रन्ट नाइन ४-ओभर ३८ मा सकाए। यसपछि भने खेलमा सुधार ल्याए। १२औं, १३औं र १७औं होलमा बर्डीको सफलता प्राप्त गरे र ब्याक नाइन ३-अन्डर ३१ पुरा गरे । भुवन रोक्काले फ्रन्ट नाइन १-ओभर ३५ मा सकाए। पहिलो र तेस्रो होलमा बोगी प्रहार गरे भने दोस्रो, चौथो र पाँचौ होलमा एक-एक सट बचाए। सातौं होलमा भने डबल बोगीको सामना गरे। यसपछि उनले ब्याक नाइनको सबै ९ होलमा नै पार जोगाए ।

निरजले दोस्रो होलमा बर्डी प्रहार गरे भने ५-पारको चौथो होलमा ईगलको सफलता प्राप्त गरे। तर तेस्रो र नवौं होलमा एक-एक सट खेर फाल्दै फ्रन्ट नाइन १-अन्डर ३३ मा सकाए। यसपछि ११औं होलमा डबल बोगी खेपे भने १३औं होलमा एक सट खेर फाले। १६औं होलको बर्डीले ब्याक नाइन २-ओभर ३६ मा पुरा गरे ।

एमेच्योरतर्फ टासी छिरिङ र सदभाव आचार्य संयुक्तरूप्मा शीर्षस्थानमा रहेका छन। उनीहरूले ४-ओभर ७२ मा पहिलो दिनको खेल सकाए। ८-ओभर ७६ को स्कोरमा निल कुमार थापा र भरत थापा मगरले संयुक्तरूप्मा तेस्रो स्थानमा बाँडे । सुर्य नेपाल गल्फ टुरमा डेब्यु गरेका सुबाश तामाङले पहिलो दिन ४-ओभर ७२ को प्रदर्शन गरे। उनी समग्रमा एमेच्योरद्वय टासी र सदभावसँग संयुक्तरूप्मा ११औं स्थानमा रहेका छन् ।

चार दिने प्रतियोगितामा ३६ होलको समाप्तीमा कट लागु हुनेछ। जहाँ २१ टप प्रोफेसनल खेलाडीले अन्तिम १८ होलको लागि स्थान बनाउनेछन। टप २१ मा पर्ने खेलाडीह्रूले नगद पुरस्कार प्राप्त गर्नेछन् । एमेच्योर खेलाडीको हकमा प्रोफेसनल खेलाडीको कटमा पर्नेले मात्र अन्तिम १८ होलको प्रतिस्पर्धामा सहभागीता जनाउन पाउनेछन। ३२ प्रोफेसनल र ९ एमेच्योर गरी कुल ४१ गल्फरहरूले प्रतिस्पर्धा गरिरहेका छन । प्रतियोगिताको कुल पुरस्कार राशी ७ लाख ३ हजार ५ सय रहेको छ । विजेताले १ लाख २० हजार तथा दोस्रो र तेस्रो हुने खेलाडीहरूले क्रमश ८२ हजार र ६६ हजार प्राप्त गर्नेछन। यसैगरी चौथो हुनेले ५५ हजार र पाँचौ हुने खेलाडीले ४३ हजार नगद हात पार्नेछन् ।

## गौरीशंकर गाउँपालिका

### गाउँ कार्यपालिकाको कार्यालय

सुरी, दोलखा

बागमती प्रदेश, नेपाल

## प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदनको सार्वजनिक सुनुवाई कार्यक्रम सम्बन्धी सूचना

**प्रकाशित मिति:२०८१/०१/१२**

दोलखा जिल्ला, गौरीशंकर गाउँपालिका कार्यालयद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| **प्रस्तावको नाम र ठेगाना** | दोलखा जिल्ला, गौरीशंकर गाउँपालिका अन्तर्गत क्षेत्रमा पर्ने निम्न सडक निर्माण कार्यको लागि गरिने प्रारम्भिक वातावरणीय परिक्षण।<br>१. जामुने - कसेरी - छेसखरे - मेथम्मा सडक (११.८२० कि. मि.) |
| **प्रभाव पर्न सक्ने गाउँपालिकाको क्षेत्रहरु** | दोलखा जिल्ला, गौरीशंकर गाउँपालिका अन्तर्गतको क्षेत्रह्रू |

माथि उल्लेखित प्रस्तावको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन तयारि गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक, भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणाली बिच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो योजनाले प्रभाव पार्ने गा.पा. तथा त्यस क्षेत्रका बिद्यालय, अस्पताल, स्वास्थ चौकी तथा सरोकार वाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र प्रभावित क्षेत्रह्रूमा सार्वजनिक सुनुवाई हुने भएकोले सरोकारवाला सबैमा राय सुझाब उपलब्ध गराईदिनु हुन अनुरोध गरिन्छ ।

**सार्वजनिक सुनुवाइ कार्यक्रम:**

**मिति: २०८१/०१/१३ बिहिबार**

**स्थान: कसेरी, गौरीशंकर गाउँपालिका-८, सुरी, दोलखा, नेपाल**

| **प्रस्तावकको नाम र ठेगाना** | **परामर्शदाताको नाम र ठेगाना** |
|---|---|
| गौरीशंकर गाउँपालिका<br>गाउँ कार्यपालिकाको कार्यालय<br>सुरी, दोलखा, बागमती प्रदेश, नेपाल | ईभोल्भ इन्जिनियरिङ प्रा. लि.<br>कलंकी, काठमाडौं |



क्यानडाको टोरन्टोस्थित हाई पार्कमा फुलेका चेरी फूलका बोटमुनि रम्दै मानिसहरू । *तस्बिर: सिन्ह्वा*

# जलवायु र मौसमी प्रकोपबाट एसिया सबैभन्दा बढी प्रभावित

**जेनेभा–** सन् २०२३ मा जलवायु र मौसमी खतराबाट एसिया विश्वको सबैभन्दा धेरै प्रकोप प्रभावित क्षेत्र भएको संयुक्त राष्ट्रसंघले मंगलबार बताएको छ । एसियामा बाढी र आँधी मानवीय र आर्थिक क्षतिको प्रमुख कारण भएको बताइएको छ ।

गत वर्ष विश्वव्यापी तापक्रम कीर्तिमानी उचाइमा पुगेको छ । राष्ट्रसंघको मौसम तथा जलवायु एजेन्सीले एसियामा विशेषरूपमा तीव्र गतिमा तापक्रम बढिरहेको बताएको छ । विश्व मौसम विज्ञान संगठन (डब्ल्युएमओ) ले एसियामा गर्मीको लहरको प्रभाव अझ गम्भीर हुँदै र पग्लिँदै गरेको हिमनदीबाट एसियाको भविष्यको जल सुरक्षामा खतरा उत्पन्न भएको बताएको छ ।

गत वर्षको तापक्रम सन् १९६१ को प्रतिवेदनमा यस क्षेत्रको समाज, अर्थतन्त्र र पारिस्थितिकीय प्रणालीका लागि गम्भीर प्रभाव पार्ने सतहको तापक्रम, पग्लिँदै गरेको हिमनदी र समुद्रको स्तरमा वृद्धि जस्ता प्रमुख जलवायु परिवर्तनका सूचकहरूको तीव्र गतिमाथि प्रकाश पारिएको छ ।

'सन् २०२३ मा एसिया मौसम, जलवायु र पानीसम्बन्धी खतराबाट विश्वको सबैभन्दा बढी प्रकोप प्रभावित क्षेत्र बनेको छ,' डब्ल्युएमओले भनेको छ । सन् २०२३ मा एसियामा सतह निकट वार्षिक औसत तापक्रम रेकर्डमा दोस्रो सबैभन्दा धेरै थियो । यो सन् १९९१-२०२० को औसतभन्दा ०.९१ डिग्री सेल्सियसले र सन् १९६१-१९९० को औसतभन्दा १.८७ डिग्री सेल्सियसले अधिक थियो ।

गरिएका २२ वटा हिमनदीमध्ये २० वटामा गत वर्ष लगातार सामूहिकरूपमा क्षति भइरहेको जनाएको छ ।

सन् २०२३ मा उत्तरपश्चिम प्रशान्त महासागरमा समुद्रको सतहको तापक्रम रेकर्डमा सबैभन्दा धेरै रहेको प्रतिवेदनमा बताइएको छ । गत वर्ष एसियामा पानीसम्बन्धी मौसमी जोखिमसँग सम्बन्धित ७९ प्रकोप रेकर्ड गरिएका छन् । तीमध्ये ८० प्रतिशतभन्दा धेरै बाढी र आँधी थिए । यसबाट दुई हजारभन्दा धेरैको मृत्यु र ९० लाख मानिस प्रत्यक्षरूपमा प्रभावित भएका छन् ।

प्राकृतिक प्रकोपका घटनाहरूमा एसियाको संवेदनशीलतालाई लगातार उच्च जोखिममा राख्दै डब्ल्युएमओले भनेको छ, 'सन् २०२३ मा रिपोर्ट गरिएका



देखि सन् १९९० को औसतभन्दा करिब दुई प्रतिशतले बढी रहेको भन्दै डब्ल्युएमओले एसियामा विश्वव्यापी औसतको तुलनामा तीव्ररूपमा तापक्रम बढिरहेको बताएको छ ।

'प्रतिवेदनको निष्कर्ष गम्भीर छ, यस क्षेत्रका धेरै मुलुकले सन् २०२३ मा आफ्नो सबैभन्दा तातो वर्षको अनुभव गरेका छन् भने खडेरी र गर्मीको लहरदेखि लिएर बाढी र आँधीसम्मको चरम स्थितिको सामना गरेका छन्,' डब्ल्युएमओका प्रमुख सेलेस्टे साउलोले एक विज्ञप्तिमा भने, 'जलवायु परिवर्तनले यस्ता घटनाहरूको आवृत्ति र गम्भीरतालाई बढाएको छ, यसको समाज, अर्थतन्त्र र सबैभन्दा महत्त्वपूर्णरूपमा मानव जीवन र हामी बस्ने वातावरणमाथि गहिरो प्रभाव पारेको छ ।'

एसियामा जलवायुको अवस्था २०२३ भन्दै डब्ल्युएमओले यस क्षेत्रका निरीक्षण

पश्चिमी साइबेरियादेखि मध्य एसिया र पूर्वी चीनदेखि जापानसम्म विशेषरूपमा उच्च औसत तापक्रम रेकर्ड गरिएको र जापानमा अहिलेसम्मकै सबैभन्दा गर्मी रेकर्ड गरिएको प्रतिवेदनमा उल्लेख छ । त्यस्तै हिमालय तथा पाकिस्तान र अफगानिस्तानको हिन्दू कुश पर्वत शृंखलामा वर्षा सामान्यभन्दा कम भएको थियो ।

यसैबीच गत वर्ष दक्षिण पश्चिम चीनले खडेरीको सामना गर्नुपर्‍यो । वर्षको करिब प्रत्येक महिनामा यहाँ वर्षाको स्तर सामान्यभन्दा कम रह्यो । तिब्बती पठारमा केन्द्रित हाई-माउन्टेन एसिया क्षेत्र अर्थात् ध्रुवीय क्षेत्रबाहिर बरफको सबैभन्दा ठूलो मात्रा विद्यमान छ ।

पछिल्लो धेरै दशकमा यीमध्ये अधिकांशमा हिमनदीहरू पछि हट्दै गएको र यसको गति पनि तीव्र भइरहेको छ

घटनाहरूमा मृत्युको प्रमुख कारण बाढी थियो ।' हङकङमा सेप्टेम्बर ७ मा एक घन्टामा १५८.१ मिलिमिटर वर्षा रेकर्ड गरियो । आँधीको परिणामस्वरूप सन् १८८४ मा रेकर्डहरू राख्न सुरु भएयता यो सबैभन्दा उच्च थियो ।

डब्ल्युएमओले विपद् जोखिम न्यूनीकरणमा काम गरिरहेका अधिकारीहरूलाई अनुकूल जानकारी सुधार गर्नका लागि यस क्षेत्रभर राष्ट्रिय मौसम सेवाहरूको तत्काल आवश्यकता रहेको बताएको छ ।

'हाम्रो कार्य र रणनीतिहरूले यो समयको जरुरीतालाई प्रतिबिम्बित गर्न आवश्यक छ,' डब्ल्युएमओका प्रमुख साउलोले भने, 'हरित गृह ग्यास उत्सर्जन घटाउनु र विकसित जलवायुमा अनुकूलन गर्नुको विकल्प नभए पनि आधारभूत आवश्यकता हो ।' *रासस/एएफपी*

## रुसको युक्रेन युद्धमा समर्थन गरेको अमेरिकी दाबीको चीनद्वारा निन्दा

**बेइजिङ–** बेइजिङले युक्रेनमा रुसको युद्धको समर्थन गरिरहेको भन्ने अमेरिकाको 'निराधार आरोप' को चीनले मंगलबार निन्दा गरेको छ । 'संयुक्त राज्य अमेरिकाले युक्रेनका लागि ठूलो मात्रामा सहायता विधेयक अगाडि ल्याएको छ, साथै चीन र रुसबीचको सामान्य व्यापारविरुद्ध आधारहीन आरोप पनि लगाएको छ,' विदेश मन्त्रालयका प्रवक्ता वाङ वेनबिनले भने, 'यस्तो प्रकारको दृष्टिकोण अत्यन्त कपटी र पूर्णतः गैरजिम्मेवारपूर्ण छ र चीन यसको कडा विरोध गर्दछ ।'

चीन र रुसले हालैका वर्षहरूमा आर्थिक सहयोग र कूटनीतिक सम्पर्क बढाएका छन् र युक्रेनमाथि आक्रमण गरेपछि उनीहरूको रणनीतिक साझेदारी अझ घनिष्ठ भएको छ । चीनले आफू युक्रेन द्वन्द्वमा तटस्थ पक्ष भएको बताउँछ तर मस्कोको हमलाको निन्दा गर्न अस्वीकार गरेकामा उसको आलोचना गरिएको छ । साथै यसै साता अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिंकेनको बेइजिङको योजनाबद्ध भ्रमणअघि अमेरिकाले चीनमाथि युक्रेन युद्धमा सोभियत युगपछिको सबैभन्दा ठूलो सैन्यकरणका रूपमा रुसलाई सहयोग गरेको आरोप लगाएको थियो ।

ब्लिंकेनले शुक्रबार रुसलाई उसको सैन्य विस्तारका लागि प्रयोग गर्ने घटकहरू आपूर्ति गरेर चीनले युक्रेन युद्धलाई बढावा दिइरहेको बढाएका थिए । 'रुसको रक्षा औद्योगिक आधारको कुरा आउँदा अहिलेको समयमा यसमा मुख्य योगदानकर्ता चीन हो,' काप्रीमा जी-७ का मन्त्रीहरूको बैठकपछि उनले पत्रकारहरूसँग भने, 'युक्रेनविरुद्ध रुसको आक्रामकता जारी राख्नका लागि यसले अनुमति दिइरहेको छ ।'

अमेरिकी अधिकारीहरूले चीनले प्रत्यक्ष सैन्य सहायता दिन बन्द गरेको भए पनि दोहोरो प्रयोगको आपूर्ति प्रदान गरेको बताएका छन् । यसबाट पूर्वराष्ट्रपति डोनाल्ड ट्रम्पको रिपब्लिकन पार्टीको नेतृत्वमा रहेको हाउस अफ रिप्रेजेन्टेटिभ्समा निष्क्रियताका कारण युक्रेनलाई अमेरिकी सहायतामा भएको लामो ढिलाइले रुसलाई पुनः संगठित हुन सहयोग पुगेको छ ।

युक्रेन युद्धमा रुसलाई सहयोग गरिरहेको भन्ने दाबीहरूलाई चीनले लामो समयदेखि खण्डन गर्दै आएको छ । साथै उसले रुससँगको आफ्नो सम्बन्धमा 'आलोचना वा दबाब' स्वीकार नगर्ने बताएको छ । 'युक्रेन युद्धमा चीनले सधैं उद्देश्यपूर्ण र न्यायपूर्ण अडान राखेको छ, शान्ति वार्ताका लागि सक्रियरूपमा वकालत गरेको छ र राजनीतिक समाधानमा जोड दिएको छ,' मन्त्रालयका प्रवक्ता वाङले भने, 'दोहोरो उपयोग हुने वस्तुहरूको निर्यातमा चीनले लगातार नियम लागू गर्दछ ।'

'चीन न युक्रेन संकटको निर्माता हो न त यसको पक्ष नै हो र उसले कहिल्यै पनि आगोमा घिउ हालेको छैन,' उनले भने, 'हामी दोस्रो पक्षलाई दोष दिने वा हामीमाथि दोष लगाउने स्वीकार गर्दैनौं ।' *रासस/एएफपी*


## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : SIONG BEE INDUSTRIES SDN BHD

पूर्व स्वीकृति मिति: २०७९/१२/१५ | पुन विज्ञापन स्वीकृति मिति: २०८१/०१/११ | LT. No. 283571 | चलानी नं. ६०१९९०५१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Operater | 7 | 0 | 1500 | ४२,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ वैशाख १९ गते (1st May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले  सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १००४/०६८/०६९
Nepal Recruitment Consultancy Pvt. Ltd.
Sambhu Marg-Airport, Kathmandu, Nepal, Tel.: +977-1-4585649/ 4585648/ 4585647

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ORIENTAL TRADING COMPANY LTD

पुर्व स्वीकृति मिति २०८०/०२/१९ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०१/११ | LT. No. 287069 | चलानी नं.६०२०२४५९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 9 | 0 | 1000 | ३६,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Driver | 10 | 0 | 1500 | ५४,४५० | | | | | | | |
| 3 | Loader | 5 | 0 | 1900 | ६८,९७० | | | | | | | |
| 4 | Heavy Vehicle Driver | 3 | 0 | 2200 | ७९,८६५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ वैशाख १९ गते (1st May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले  सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

दियालो इन्टरनेशनल इम्प्लोएमेन्ट एजेन्सी प्रा. लि.
पो.ब. नं.: २०१९, सिनामंगल काठमाडौं, फोन नं. ०१-४५६०९२२, ४५६०६००,
ईमेल : diyalointl@gmail.com, www.diyalo.com.np
Licence No.: 811/065/066

## कुवेत/साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : KISHETY STYLE LADIES BEAUTY SALO

पूर्व स्वीकृति मिति २०८१/०१/१० | LT No : 303675 | चलानी नं ६०२१८५१८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hairdresser | 0 | 3 | 150 | ६४,८७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Manicure & Pedicure | 0 | 3 | 150 | ६४,८७० | | | | | | | |

कम्पनी : THE FAMOUS DEVELOPMENT CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति २०८१/०१/१० | LT No : 303701 | चलानी नं ६०२१८५१९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 1 | 0 | 1800 | ६३,९५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : SAUDI GERMAN ALUMINIUM PRODUCTS CO.LTD.

पूर्व स्वीकृति मिति २०८१/०१/१० | LT No : 303702 | चलानी नं ६०२१८५१८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manufacturing Worker | 1 | 0 | 2500 | ८८,८३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ वैशाख १९ गते (1st May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले  सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ८३४/०६६/०६७
CHANDANI MANAGEMENT SERVICES PVT. LTD.
Basundhara-3, Kathmandu , Tel: +977-1- 4955422, 4960522
E-mail: info.cmservices2009@gmail.com, Website : www.chandanimanpower.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : YACOUB OBAID AL-MUTAIRI CONTRACTING EST.

पूर्व स्वीकृति मिति २०८०/०१/१० | LT. No. 303725 | चलानी नं. ६०२१८५०९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading And Unloading Worker | 2 | 0 | 1000 | ३५,५५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ वैशाख १९ गते (1st May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले  सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ३३६/०५९/०६०
AL-HAYAT MANAGEMENT SYSTEM PVT. LTD. (Kumari Overseas Services Pvt. Ltd.)
Sinamangal - 9, Ktm, Nepal, Tel : +977 1 4112588 , 4111286, 4111287 Fax : +977 1 4112590

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ROAD PROJECTS CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति २०८०/११/०६ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०१/११ | LT. No. 300258 | चलानी नं. ६०२१५१६६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Road Maintenance Labour | 8 | 0 | 1200 | ४२,३५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ वैशाख १९ गते (1st May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले  सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

AL-HERA OVERSEAS PVT. LTD.
Tilganga, Ktm, Nepal, Tel: +977-1-4465886, 4465902, Fax :+977-1-4460601
E-mail:alheraoverseas@ntc.net.np, jaynulrain@yahoo.com, khatunrain78692@gmail.com, Website :www.al-heraoverseas.com

## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१ । Reachmond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञान्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी- गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी-विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्युनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफचाक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३१८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
| --- | --- | --- |
| प्रति तोला – १३५५०० | प्रति तोला – १३४८५० | प्रति तोला – १६६० |




## १३ वर्ष विदेशमा बित्यो गाउँ फर्किएर बाखापालन

कर्मठ रिटर्नी

■ प्रकाश ढकाल

**गण्डकी–** परिवारको आयस्रोत थिएन । खेती किसानी गरेर बाबुआमाले जसोतसो हुर्काए, अक्षर चिन्न सक्ने बनाए । कक्षा ८ सम्म पढेपछि आर्थिक अवस्थाले चाप्दै लग्यो । स्कुल छोडेर लेकसाइड झरे, कास्कीको पोखरा महानगरपालिका-२१, कृस्तीका ज्ञानबहादुर थापा ।

पर्यटकीय क्षेत्र भएकोले होटलहरू विस्तारै बढ्दै थिए । उनी वेटरको काम गर्न थाले । समय बित्दै गयो, घरमा आर्थिक समस्या बढ्दै गयो । नेपालको कमाइले धान्न मुस्किल पर्‍यो उनलाई । अन्ततः विदेशिने निधोमा पुगे । होटलमा काम गरेको लामो अनुभवले उनी विदेशमा पनि होटलकै कामका लागि जान चाहन्थे । एउटा म्यानपावरले सूचना निकाल्यो, 'कतारमा वेटरको जागिर' शीर्षकमा । यताउती पैसाको जोहो गरेर उनी कतार लागे । तर कामचाहिँ फलाम काट्ने पर्‍यो, त्यो पनि झुण्डिएर ।

'पहिलो दिन नै मरुभूमितिर लग्यो । म त बेहोस भएछु गर्मीले । अचाक्ली गर्मी थियो,' उनले भने, 'काम पनि झुण्डिएर फलाम काट्नुपर्ने रहेछ । मैले त्यसअघि कहिल्यै त्यस्तो दुःख भोगेको थिइनँ । कतारको बसाइँ साह्रै पीडादायक भयो ।'

सन् २००२ मा उनी म्यानपावरलाई ९० हजार रूैप्याँ बुझाएर कतार गएका थिए । तर, तीन वर्ष बस्दा पनि उक्त ऋण तिर्न सकेनन् । कतारबाट फर्केपछि विवाह गरे । गाउँघरमा बस्ने अवस्था नै थिएन, आर्थिक बोझले । त्यसपछि ज्ञानबहादुरको पाइला साउदीतिर मोडियो । सन् २०१२ सम्म साउदी आउजाउ गरे । साउदी पनि उनलाई फापेन । काम त ठीकै थियो तर कमाइ नै थोरै । 'सात वर्षसम्म पनि तलब बढेन । नयाँ कामदारको एक हजार बेसिक तलब हुन्थ्यो । मेरो ५०० भन्दा माथि गएन,' उनले भने, 'कम्पनीलाई तलब बढाइदिनु भनेको थिएँ, वास्ता गरेन । त्यसपछि बस्न सकिनँ र नेपाल फर्किएँ ।'

विदेश गएर आएपछि नेपालमा टिक्न सजिलो नहुने उनको अनुभव छ । 'नेपालमै केही गरुँ भनेर प्रयास पनि गरेको हो । तर वातावरण नै बनेन,' तत्कालीन अवस्था सम्झिँदै उनले थपे, 'फेरि भएन भनेर मलेसियातिर हानिएँ । तर मेरा लागि मलेसिया पनि राम्रो भएन ।' दुई लाख ३० हजार रूपैयाँ खर्च गरेर मलेसिया गएका ज्ञानबहादुर तीन वर्ष बसेर फर्किंदा रित्तै थिए । 'खान, बस्न खर्च गरेर २५ हजार पनि बचेन । अब मेरो विदेशमा काम छैन भनेर गाउँ आएँ । धेरै हण्डर ठक्कर खाएँ विदेशमा हुँदा,' ज्ञानबहादुर भन्छन्, 'अन्ततः गाउँमै रोकिएँ । अहिले बाखा पालेर बसेको छु । राम्रो भइरहेको छ ।'

उनले २०७३ सालमा बाखा फार्म खोलेर व्यावसायिक बाखापालन सुरु गरेका हुन् । विदेशबाट फर्केपछि बाखा पाल्छु भन्ने पहिले पनि नसोचेका होइनन् तर मौका जुरेको थिएन । पिता पुर्खाले खनीखोस्रेका जग्गा जमिन पनि बाँझिँदै गए । उनको मन गाउँघर छोडेर बाहिर जानै मानेन । त्यसपछि खोर बनाएर बाखा हुले । तीनवटा बाखाबाट सुरु गरेको व्यवसायमा एकताका १७० वटासम्म बाखा पुगेको उनी सुनाउँछन् । तर उनले पालेको बाखाले आम्दानी दिने बेलामा कोरोना संक्रमणले छोप्यो । गाउँघरमा बाखा पाल्नेहरू पनि बढे । कमाई केही खस्कियो । 'बाखा पाल्न सहज पनि छैन । गाह्रै पेसा हो । केही वर्ष त मलाई गाह्रो नै भयो,' ज्ञानबहादुरले भने, 'अहिले कमाई राम्रो छ, सन्तुष्ट छु ।' उनको खोरमा अहिले पनि ७५ वटा बाखा छन् ।

बाखाको हेरचाह गर्न दुई जनालाई रोजगारी दिएका छन् । श्रीमतीले पनि सघाउँछिन् । अझै ठूलो संख्यामा बाखा पाल्ने योजना बनाएका छन्, ज्ञानबहादुरले । 'प्राविधिकहरूले संख्या नबढाउनुस् भनेर सुझाव दिए । अहिले घटाएको छु । अबचाहिँ थप्ने हो,' उनले योजना सुनाए, 'मेरो गाउँलाई बाखाको पकेट क्षेत्र बनाउँछु भनेर लागेको छु । हेरौं, सक्छु होला ।'

उनी अहिले बाखा बेचेर मासिक ५० हजार रूपैयाँभन्दा बढी बचत गर्छन् । 'सबै महिना एउटै कमाई हुँदैन । कहिले ठप्पै हुन्छ । कहिले दुई-चार लाख नै कमाउँछु,' ज्ञानबहादुर भन्छन्, 'सरदर हिसाब गर्दा खर्च कटाएर मासिक ५० हजारजति बचाउँछु ।' उनको पुर्ख्यौली जग्गा ७० रोपनी छ । २७ रोपनी जग्गामा घाँसखेती र बाखापालन गरेका छन् । २० लाखभन्दा बढी बाखापालनमा लगानी भसकेको उनले बताए ।

'सुरुमा मुक्तिनाथ बैंकबाट सात लाख रूपैयाँ ऋण लिएर लगानी गरेको हो । त्यसपछि कमाउँदै लगानी थप्दै गरें,' उनी भन्छन्, 'ढिलै भए पनि राम्रो काम सुरु गरें जस्तो लागेको छ । सुरुमै व्यवसाय गर्न पाएको भए आज म धेरै माथि हुन्थें होला ।'

उनी अहिले साथीहरूलाई पनि विदेशका दुःखकष्ट सुनाउँछन् । नेपालमै केही गर्न सल्लाह दिन्छन् । २०-२५ हजार कमाउन विदेश जानुभन्दा गाउँमै केही गरे विदेशमा भन्दा बढी कमाई हुने उनले बुझेका छन् । किनकि १३ वर्ष काम गरेर फर्किंदा उनको साथमा थोरै पनि बचत थिएन । घरपरिवारको खर्च र आउनेजाने खर्चमै सकियो । यद्यपि, वैदेशिक रोजगारीपछि उनी ऋणमुक्त भने भएका छन् ।

सरकारले युवाहरूलाई देशमै बस्ने वातावरण बनाउन नसकेकोमा उनको गुनासो छ । स्वदेशमै स्वरोजगार बनाउने भन्दै सरकारले विभिन्न अनुदानका कार्यक्रम ल्याए पनि वास्तविक किसानको पहुँचमा नपुगेको उनको अनुभव छ । 'अनुदानका कार्यक्रमहरू सरकारले ल्याउँछ तर किसानहरूसम्म पुग्दै पुग्दैन,' ज्ञानबहादुरले गुनासो पोखे, 'किसानलाई अनुदानभन्दा सहुलियत ऋण दिए हुन्थ्यो । काम गर्ने मान्छेले ऋण खोजेर पनि गर्छन् । तर कृषिबाट छिट्टै आम्दानी हुँदैन । ऋणमा डुब्नुपर्ने अवस्था छ ।'

## 'व्यावहारिक परियोजना प्रस्तुत गरौं'

**काठमाडौं (प्रस)–** प्रधानमन्त्री पुष्पकमल दाहालले निजी क्षेत्रलाई विश्वासमा लिएर देशमा लगानीमैत्री वातावरण छ भनेर सन्देश प्रवाह गर्नुपर्ने बताएका छन् । नयाँ बानेश्वरस्थित लगानी बोर्डको कार्यालयमा आज बसेको बैठकलाई सम्बोधन गर्दै प्रधानमन्त्री दाहालले विकास र समृद्धिका लागि निजी क्षेत्रलाई नियन्त्रण गर्ने नभइ सहजीकरण गर्नुपर्ने बताए ।

'निजी क्षेत्रलाई विश्वासमा लिएर विकासको नयाँ मोडेल तयार पार्नुछ', प्रधानमन्त्री दाहालले भने, 'निजी क्षेत्रलाई विश्वासमा नलिएसम्म विकास हुँदैन, त्यसैले निजी क्षेत्रलाई नियन्त्रण होइन, सहजीकरण गरौं ।'

आजको विश्वमा विकासलाई नियन्त्रण गर्ने सोच ग्राह्य नहुने बताउँदै उनले विकासलाई प्रोत्साहन गर्ने नीति लिंदा मात्र जनताको चाहनालाई सम्बोधन गर्न सकिने भएकाले त्यसतर्फ लाग्न निर्देशन दिए । लगानी सम्मेलनलाई सफल तुल्याउनका लागि सबैले सकारात्मक भावमा काम गर्नुपर्ने बताउँदै प्रधानमन्त्री दाहालले लगानी सम्मेलनमा 'इच्छा सूची' प्रस्तुत गर्नेभन्दा पनि ठोस र व्यवहारिक परियोजना प्रस्तुत गर्नुपर्ने बताए ।

'लगानी सम्मेलनमा 'विस लिष्ट' होइन ठोस र व्यवहारिक परियोजना प्रस्तुत गरौं', प्रधानमन्त्री दाहालले भने, 'सम्मेलनअघि ऐन संशोधन गरेका छौं, त्यसले लगानी बढाउन मद्दत गर्नेछ, त्यसैले पनि ठोस र व्यवहारिक योजनाहरू दिनुपर्छ, नयाँ सन्देश दिनेगरी सम्मेलन गरौं ।'

विकास परियोजनाको कामलाई सरलीकृत गर्नुपर्ने बताउँदै प्रधानमन्त्री प्रचण्डले केही राम्रो गर्न खोज्दा अठ्यारा आए पनि त्यस्ता परिस्थितिलाई राजनीतिक नेतृत्वले तोड्न सक्नुपर्ने बताए । नेपालमा स्टील उद्योगलाई प्राथमिकता दिनुपर्ने बताउँदै प्रधानमन्त्री दाहालले त्यस्ता उद्योग खस्थापनका लागि गम्भीर भएर काम गर्नुपर्नेमा जोड दिए । उनले कृषिमा रोजगारी सिर्जना गर्नका लागि सिचाइँलाई प्राथमिकता दिन र विकासका काम रोकिएका भए अघि बढाउन निर्देशन दिए ।

## परिषद् अध्यक्षमा श्रेष्ठ

**काठमाडौं (प्रस)–** नेपाल चेम्बर अफ कमर्सको सल्लाहकार परिषदको अध्यक्षमा राजेशकाजी श्रेष्ठ चयन भएका छन् । चेम्बरका पूर्वअध्यक्ष समेत रहेका श्रेष्ठ सल्लाहकार परिषदको अध्यक्षमा चयन भएका हुन् । परिषदले चेम्बरको संस्थागत विकास एवं व्यवसायीको क्षमता अभिवृद्धिका लागि सुझाव दिनेछ । परिषदमा महेश कुमार अग्रवाल, सुरेन्द्रवीर मालाकार सुरेशकुमार बस्नेत लगायत चेम्बर अभियानका अग्रजहरू रहेका छन् ।

परिषदले सरकार र निजी क्षेत्रबीचको समन्वय, अन्तराष्ट्रिय सम्वन्ध विस्तार, उद्यमी एवं व्यवसायिक हकहित एवं निजी क्षेत्रको भूमिकालाई थप सशक्त पार्न समन्वय गर्ने चेम्बरद्वारा जारी विज्ञप्तिमा जनाईएको छ । पूर्वअध्यक्ष श्रेष्ठ चेम्बर अभियानमा ३ दशक देखि सक्रिय छन् ।

## कामधेनुको दुग्ध उत्पादन उपत्यकामा

■ प्रभाव संवाददाता

**काठमाडौं–** सुनसरीको इटहरीमा रहेको कामधेनु दुग्ध विकास सहकारी संस्थाले काठमाडौं उपत्यकासहितका बजारमा पनि सेवा सुरु गरेको छ । संस्थामार्फत उत्पादन हुँदै आएको नौनी घ्यू, चिज, छुर्पी, टेबल बटर, पनिर,खुवा लगायत स्वादिलो मिठाइका परिकारहरू उपत्यकाका सहरहरूमा बजारीकरण सुरु गरेको हो । झन्डै २४ वर्षअघि स्थापना भएको कामधेनुले पूर्वी नेपालका बजारहरूमा सहज पहुँच विस्तार गरेपछि उपत्यका केन्द्रित व्यापार थालेको अध्यक्ष यादप ढकालले बताए ।



अध्यक्ष ढकालका अनुसार बजारीकरणको पहिलो चरणमा काठमाडौंको चाहवहिलमा शीत भण्डार स्थापना गरिएको छ । पाँच टन क्षमता रहेको भण्डारमा दुग्धजन्य सामाग्रीहरू स्टोर गरी काठमाडौं, भक्तपुर, ललितपुर सहित काभ्रेपलान्चोकका बजारमा विक्री वितरण गर्दै आएको संस्थाका बजार प्रमुख नवराज नेपालले जानकारी दिए ।

कामधेनुले यस आर्थिक वर्ष भित्रमै उपत्यकाका २० मुख्य बजारहरूमा विक्री केन्द्र खोल्न लागेको बजार प्रमुख नेपालले बताए । उपत्यकामा समेत खुल्ला दुग्ध पदार्थहरू जथाभाबी बेचबिखन हुने पाइएकाले सरकारले अनुगमन गरी त्यस्ता कार्य निरुत्साहित गर्नुपर्ने उनको भनाइ छ ।

उपभोक्ताले गुणस्तरीय दुग्ध पदार्थहरूको माग अत्यधिक मात्रामा गरिरहेको अवस्थामा उपत्यकामा आइसकेपछि थप हौसला मिलेको दाबी गरे । इटहरी उपमहानगरपालिका २० स्थित तरहरा प्रधान कार्यालय रहेको कामधेनुमा प्रत्यक्ष रूपमा पूर्वका सुनसरी,मोरङ,झापा,धनकुटा,तेह्रथुम लगायत जिल्लाका एघार हजार कृषकहरू आबद्ध रहेका छन् ।

### विदेशका निर्यातका लागि छुर्पीको सम्झौता

कामधेनुले आफ्ना उत्पादनहरूलाई विदेशसम्म पुर्‍याउने तयारी सुरु गरिसकेको छ । बजारीकरणकै क्रममा सहकारी संस्थाले अमेरिका, क्यानडा, जापानलगायतका देशहरूमा दुग्धजन्य पदार्थहरू निर्यात गर्दै आएको ललितपुरको लेकाली नेपाल प्रा.लीसँग कम्तीमा वार्षिक ५० हजार केजी छुर्पी विक्री गर्ने गरी सम्झौता गरेको छ ।



लेकाली नेपाल प्रा.लीका म्यानेजर अङ्कित मुन्द्राले संस्थासँग वार्षिक ५० हजार केजी छुर्पी खरिद गर्ने गरी सम्झौता पत्रमा हस्ताक्षर गरेका छन् । संस्थाका तर्फबाट अध्यक्ष ढकालले उक्त सम्झौता पत्रमा हस्ताक्षर गरेका छन् । प्रतिकेजी १ हजार ३ सयदेखि १ हजार ४ सयसम्म खुद्रा मूल्यमा विक्री हुँदै आएको छुर्पी विदेश निर्यात गर्ने गरी सम्झौता हुँदा समग्र कृषकहरूलाई पनि फाइदा पुग्ने संस्थाका अध्यक्ष ढकालले बताए ।

पछिल्लो समय सरकारको दुग्ध विकास संस्थानले समेत कृषकहरूले उत्पादन गरेर विक्री गरेको दुग्धजन्य पदार्थहरूको उचित मूल्य नै नपाइरहेको समयमा पूर्वी नेपालमा उत्पादन भएका सामाग्रीहरू उपत्यका पुरयाएर विक्री वितरण गर्न निकै चुनौतीपूर्ण मानिन्छ । तर पनि कामधेनुले आफ्ना उत्पादनहरूलाई नेपालका ठुला सहरहरूमा समेत पुर्‍याउनका लागि बजारीकरण गर्नु महत्त्वपूर्ण भएको धनकुटाका कृषक भरत गुरुङले बताए ।

पछिल्लो समय कृषकले उत्पादन गरेका दुग्धजन्य पदार्थहरू बिक्री नभएर मिल्क होलिडे भइरहेको समयमा कोशी प्रदेशमा राम्रो हिस्सा ओगटेको कामधेनुले पूर्वमा उत्पादन भएका पदार्थहरू बिक्री गर्दा यहाँ देखिएको समस्याहरू समेत निराकरण हुने कृषक गुरुङको दाबी छ ।

## गर्मीयाममा लाग्नसक्ने रोगबाट छुटकारा पाउन

- पर्याप्त मात्रामा पानी वा झोलिलो पदार्थ पिउने गरौं,
- मौसमअनुसारका तरकारी एवं फलफूल उपभोग गरौं,
- सडेगलेको, बासी, जथाभावी राखिएका खानेकुरा नखाऔं,
- खुलास्थानमा राखिएका चटपटे, पानीपुरी, मःम, चाउमिनजस्ता खानेकुरा नखाऔं,
- धेरै अमिलो, चिल्लो र मसलेदार खाना नखाऔं,
- घर बाहिर हिड्दा शरीर ढाक्ने गरी लुगा लगाऔं,
- घर,आँगन वा बसोबास गर्ने आसपासको क्षेत्रमा पानी जम्ने, खाल्डाखुल्डी, फोहोरको थुप्रो, कुहिएका बस्तुहरू भएमा हटाई सफा राखौं,
- व्यक्तिगत सरसफाईमा ध्यान दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

**प्रभाव पब्लिकेसन प्रा.लि.**द्वारा प्रकाशित **मुद्रण**: एक्प्रेस कलर प्रेस, **कार्यालय**: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**: marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**: कृष्णबहादुर कार्की, **सम्पादक**: विष्णु तामाङ